असम नेपाली साहित्य सभाको मुखपत्र

# सभावार्ता

अङ्क : १३ ■ प्रकाशन : ६ सेप्तेम्बर, २०२६

सम्पादक : तिलक शर्मा


सभावार्ता
अङ्क - १३
असम नेपाली साहित्य सभा

प्रकाशक
असम नेपाली साहित्य सभा

अक्षरविन्यास र आवरण
लक्ष्मण अधिकारी

मुद्रण
सूर्य प्रेस, नगाउँ




साहित्य अकादमी पुरस्कार तथा पद्मश्री तथा देश-विदेशका अनेकौँ सम्मानले सम्मानित विशिष्ट साहित्यिक प्रयात श्रद्धेय गीता उपाध्यायका करकमलमा 'सभावार्ता'को १३औँ सादर समर्पण।

- सम्पादक

# हार्दिक श्रद्धाञ्जली



अदरणीय विशिष्ट साहित्यिक पद्मश्री सम्मान तथा साहित्य अकादमी आदि अनेक देश–विदेशका पुरस्कारले सम्मानित प्रयात दिदी गीता उपाध्याय तथा विशिष्ट साङ्गठनिक, साहित्यिक एवम् समाजसेवी प्रयात सोम पराजुलीज्यूकन हार्दिक श्रद्धाञ्जली।

– **सम्पादक**

# विभिन्नि पुरस्कारले पुरस्कृत स्रष्टाहरूलाई
# असम नेपाली साहित्य सभाको तर्फबाट हार्दिक बधाई



'असम साहित्य सभा'द्वारा '**वासुदेव जालान स्मारक पुरस्कार-२०२६**' ले सम्मानित हुनुभएकोमा डा. इन्दुप्रभा देवीज्यूलाई अनेसासको तर्फबाट हार्दिक बधाई।



'नेपाली साहित्य परिषद्, सिक्कि'मद्वारा '**कञ्चनजङ्घा अगम स्मृति**' पुरस्कारले सम्मानित हुनुभएकोमा विशिष्ट साहित्यिक केबी नेपालीज्यूलाई अनेसासको तर्फबाट हार्दिक बधाई।




'नेपाली साहित्य अध्ययन समितिल कालेबुङ'द्वारा विशिष्ट साहित्यकार रुद्र बराल '**भाइचन्द्र प्रधान स्मृति पुरस्कार-२०२६**'ले सम्मानित हुनुभएकोमा असम नेपाली साहित्य सभाको तर्फबाट हार्दिक बधाई ज्ञापन गरिन्छ।



'लैनसिंह बांदेल साहित्य और कला प्रतिष्ठान'द्वारा '**भाषा सेवाश्री**' पुरस्कारले सम्मानित हुनुभएकोमा विशिष्ट साहित्यकार पुष्पधर शर्माज्यूलाई अनेसासको तर्फबाट हार्दिक बधाई।

## सम्पादकीय

# साहित्यिक संस्थामा संलग्न भएका व्यक्तिले त अझ अध्ययनको बानी बसाल्न आवश्यक छ

असम नेपाली साहित्य सभाको संविधानले संस्थाको प्रत्येक कार्यकारिणी सभामा संस्थाका गतिविधि, उपलब्धि, सहभागिता तथा विविध कार्यविवरणलाई समेटेर एउटा बुलेटिन प्रकाशन गर्नुपर्ने स्पष्ट निर्देशना गरेको छ। संस्थाको यही संवैधानिक व्यवस्थालाई आत्मसात् गर्दै वर्तमान कार्यसमिति गठन पश्चात् द्वितीय तथा तृतीय कार्यकारिणी सभामा क्रमशः ११औँ र १२औँ अङ्क प्रकाशन गरिसकेका छौँ। त्यही परम्परालाई निरन्तरता दिँदै '**सभा वार्ता**'को **१३औँ** अङ्क यहाँहरूका हातमा सुम्पिन पाउँदा हामीलाई आत्मसन्तोष र हर्षको अनुभूति भएको छ।

यस अङ्कमा असम नेपाली साहित्य सभाले यस अवधिमा गरेका विविध साहित्यिक, भाषिक, सांस्कृतिक तथा सामाजिक गतिविधिहरूका साथै विभिन्न जिल्ला तथा शाखा समितिहरूमा भएका कार्यक्रम, सहभागिता र अन्य साहित्यिक एवं सामाजिक संस्थाहरूसँगको सहकार्य तथा प्रतिनिधित्वलाई यथासम्भव समेट्ने प्रयास गरिएको छ। यस अर्थमा '**सभा वार्ता**' केवल गतिविधिहरूको विवरण प्रस्तुत गर्ने प्रकाशन मात्र होइन; यो संस्थाको गतिशीलता, सक्रियता, उपलब्धि र उत्तरदायित्वको एउटा जीवन्त दस्तावेज पनि हो। आदरणीय पाठकहरूले यस अङ्कलाई आत्मीयतापूर्वक ग्रहण गर्नुहुनेछ र यसले असम नेपाली साहित्य सभा तथा आम जनमानसबिच अझ घनिष्ठ सम्बन्ध स्थापित गर्ने एउटा सशक्त सेतुको भूमिका निर्वाह गर्नेछ भन्ने हाम्रो विश्वास रहेको छ।

हामी आज प्रविधिको तीव्र विकासको युगमा छौँ। मोबाइल फोन, इन्टरनेट र सामाजिक सञ्जालले हाम्रो दैनिक जीवनलाई सहज, गतिशील र सूचनामय बनाइदिएका छन्। संसारको कुनै कुनामा घटेको घटना क्षणभरमै हाम्रो हातमा आइपुग्छ। सूचना र सञ्चारका दृष्टिले यो आधुनिक युगको ठुलो उपलब्धि हो। तर यही सुविधासँगै एउटा गम्भीर प्रश्न पनि हाम्रो अगाडि उभिएको छ– हामी पढ्नका लागि कति समय दिन्छौँ ?

पुस्तक पढ्ने, कुनै विषयमाथि गहिरिएर चिन्तन गर्ने र प्राप्त ज्ञानलाई आफ्नो जीवन तथा व्यवहारसँग जोड्ने हाम्रो संस्कार क्रमशः कमजोर हुँदै गएको देखिन्छ। विशेषतः नयाँ पुस्तामा लामो समय लगाएर पुस्तक अध्ययन गर्नुभन्दा छोटा–छोटा सामग्री, भिडियो, सामाजिक सञ्जालका पोस्ट र क्षणिक मनोरञ्जनतर्फ आकर्षण बढ्दो छ। मोबाइल आफैँ समस्या होइन; मोबाइलको विवेकहीन प्रयोग समस्या हो। प्रविधि हाम्रो ज्ञानको साधन बन्नुपर्नेमा यदि त्यो हाम्रो समय, एकाग्रता र चिन्तनशक्तिको नियन्त्रक बन्न पुग्यो भने त्यसबारे हामीले गम्भीर भएर सोच्नैपर्छ।

पुस्तक पढ्नु भनेको केवल अक्षरहरू हेर्नु होइन। पुस्तकले हामीलाई सोच्न सिकाउँछ, प्रश्न गर्न सिकाउँछ, तर्क गर्न सिकाउँछ र संसारलाई फरक दृष्टिले हेर्न सिकाउँछ। अध्ययनले व्यक्तिको ज्ञानको दायरा फराकिलो बनाउनुका साथै भाषा, अभिव्यक्ति, विवेक र व्यक्तित्वलाई पनि परिष्कृत गर्दछ। एउटा राम्रो पुस्तकसँगको सङ्गतले कहिलेकाहीँ मानिसको जीवनदृष्टि नै परिवर्तन गरिदिनसक्छ। यसै प्रसङ्गमा अघिल्लो '**सभा वार्ता**'को १२ औँ अङ्क प्रकाशन गर्दाको एउटा अनुभव यहाँ उल्लेख गर्न चाहन्छु।

त्यस अंकको सम्पादकीयमा मैले केही जिल्ला तथा शाखा समितिहरूले गरेका उल्लेखनीय कार्यहरूको प्रशंसा गर्दै उहाँहरूको सक्रियता र योगदानलाई पाठकसमक्ष प्रस्तुत गरेको थिएँ। प्रकाशनपछि उक्त अङ्क सम्बन्धित पक्ष तथा विभिन्न व्यक्तिहरूसमक्ष पनि पुऱ्याइएको थियो। तर पछि तीमध्ये केही व्यक्तिहरूसँग सामान्य कुराकानी गर्ने क्रममा उहाँहरूले नै उक्त सम्पादकीय नपढेको कुरा थाहा भयो।

त्यो क्षण मलाई लाग्यो– यो केवल एउटा सम्पादकीय नपढिएको सामान्य प्रसङ्ग मात्र होइन; हाम्रो अध्ययन संस्कारको अवस्थाबारे सोच्न बाध्य बनाउने एउटा सानो तर अर्थपूर्ण उदाहरण हो।

हामी साहित्यिक संस्थामा छौँ। भाषा, साहित्य, संस्कृति र सिर्जनाका कुरा गर्दछौँ। पुस्तक प्रकाशन गर्दछौँ, विमोचन गर्दछौँ, साहित्यिक कार्यक्रम आयोजना गर्दछौँ, गोष्ठी र छलफल सञ्चालन गर्छौं। तर हामी आफैँले प्रकाशित सामग्री पढेनौँ, अरूले लेखेका कुरा पढेनौँ र निरन्तर अध्ययन गर्ने संस्कार विकास गरेनौँ भने हाम्रो साहित्यिकयात्राको आधार कति बलियो होला ?

त्यसैले आजको यस सम्पादकीयमार्फत म स्वयम्लाई समेत प्रश्न गर्दै सम्पूर्ण साहित्यप्रेमी, साहित्यिक संस्था तथा यससँग जोडिनुभएका सम्पूर्ण साथीहरूलाई एउटा आत्मीय आग्रह गर्न चाहन्छु– हामीले पढ्ने संस्कारलाई पुनः जीवन्त बनाउनुपर्छ।

साहित्यिक संस्थामा आबद्ध हुनु केवल कुनै पद प्राप्त गर्नु वा कुनै कार्यक्रममा उपस्थित हुनु मात्र होइन। यो भाषा, साहित्य र संस्कृतिप्रतिको एउटा गम्भीर जिम्मेवारी हो। यस्तो जिम्मेवारी वहन गर्ने व्यक्तिका लागि अध्ययन केवल रुचिको विषय नभएर कर्तव्यकै एउटा अभिन्न अङ्ग हो।

अध्ययनशील व्यक्तिले नै समयको परिवर्तनलाई गहिराइपूर्वक बुझ्नसक्छ। उसले आफ्ना विचारलाई परिष्कृत गर्नसक्छ, अरूका विचारलाई सम्मान गर्दै आफ्नो दृष्टिकोण निर्माण गर्नसक्छ र सही तथा गलतबिच विवेकपूर्ण भेद गर्नसक्छ। अन्ततः अध्ययनशील व्यक्तिहरूबाट नै अध्ययनशील समाजको निर्माण हुन्छ र अध्ययनशील समाजले मात्र आफ्नो भाषा, साहित्य तथा संस्कृतिलाई समृद्ध बनाउनसक्छ।

हामीले नयाँ पुस्तालाई 'पुस्तक पढ्नुपर्छ' भनेर मात्र उपदेश दिएर पुग्दैन। हामी आफैँ पढ्ने संस्कारको उदाहरण बन्नुपर्छ। अग्रजले पुस्तक पढेको देखेपछि युवाले पनि पढ्ने प्रेरणा पाउँछन्। अभिभावकले पढेको देखेपछि सन्तानमा पनि त्यसको प्रभाव पर्छ। संस्थाका पदाधिकारीले साहित्यिक सामग्री अध्ययन गरेको देखेपछि सदस्यहरूमा पनि अध्ययनप्रतिको रुचि र जिज्ञासा बढ्नसक्छ।

त्यसैले साहित्यिक संस्थामा रहेका हामी सबैको दायित्व दोब्बर छ– आफू पढ्ने र अरूलाई पढ्न प्रेरित गर्ने।

हामी सामाजिक सजालको विरोध गर्न खोजिरहेका छैनौँ। आजको समयमा फेसबुक, युट्युब, ह्वाट्सएपलगायत डिजिटल माध्यमहरू सूचना, प्रचार–प्रसार तथा साहित्यिक गतिविधिका लागि अत्यन्त उपयोगी छन्। हाम्रो संस्थाका गतिविधिहरूलाई देश–विदेशसम्म पुऱ्याउन पनि यिनको महत्त्वपूर्ण भूमिका छ। यही आवश्यकतालाई ध्यानमा राख्दै हामीले आफ्नै छुट्टै वेबसाइटसमेत सञ्चालनमा ल्याएका छौँ। यसबाट संस्थाका गतिविधि, प्रकाशन तथा साहित्यिक सामग्रीलाई अझ व्यापक रूपमा पाठकसमक्ष पुऱ्याउन सहज हुने विश्वास लिएका छौँ।

तर प्रश्न प्रविधि प्रयोग गर्ने कि नगर्ने भन्ने होइन; प्रश्न हो–यसलाई कसरी र कति विवेकपूर्ण ढङ्गले प्रयोग गर्ने ?

यदि सामाजिक सञ्जालले हामीलाई

पुस्तकको नजिक पुऱ्याउँछ भने त्यो वरदान हो। यदि त्यसले हामीलाई पुस्तकबाट टाढा लान्छ भने त्यो चिन्ताको विषय हो। मोबाइलबाट हामीले एउटा राम्रो कविता, अनुसन्धानात्मक लेख वा साहित्यिक कृति पढ्छौँ भने प्रविधि हाम्रो साथी हो। तर घण्टौँसम्म निरर्थक सामग्री हेरेर आफ्नो समय, एकाग्रता र सिर्जनात्मक ऊर्जा गुमाउँछौँ भने हामीले आफ्नो प्रयोगको शैली पुनर्विचार गर्नुपर्छ।

**हामीले प्रविधिलाई त्याग्ने होइन, प्रविधिमाथि आफ्नो विवेकको नियन्त्रण कायम राख्ने हो :** आजका युवाहरूमा ऊर्जा छ, प्रतिभा छ, सम्भावना छ। उनीहरूलाई सही दिशा, सही प्रेरणा र सही वातावरण आवश्यक छ। साहित्य, भाषा र संस्कृतिको क्षेत्रमा नयाँ पुस्ताको सहभागिता बढाउन हामीले उनीहरूलाई दोष दिनेभन्दा पहिले उनीहरूसामु आकर्षक, सिर्जनात्मक र अर्थपूर्ण साहित्यिक वातावरण निर्माण गर्नुपर्छ।

पुस्तकलाई उनीहरूको साथी बनाउनुपर्छ। साहित्यिक कार्यक्रमलाई उनीहरूको सिर्जनात्मक अभिव्यक्तिको थलो बनाउनुपर्छ। जिल्ला तथा शाखा समितिहरूले नियमित पठन-चर्चा, पुस्तक परिचर्चा, लेखकसँग संवाद, वाचन कार्यक्रम तथा युवा साहित्यिक गोष्ठी आयोजना गर्न सके अध्ययन संस्कार विकास गर्न ठूलो सहयोग पुग्न सक्छ। पढाइ केवल परीक्षाका लागि होइन, जीवन बुझ्नका लागि हो, पुस्तक केवल ज्ञानका लागि होइन, व्यक्तित्व निर्माणका लागि हो।

अन्ततः अध्ययनले मानिसको जीवनलाई समृद्ध बनाउँछ। यसले ज्ञानको परिधि फराकिलो बनाउँछ, विचारमा गहिराइ ल्याउँछ, भाषामा मिठास थप्छ र व्यक्तित्वमा परिपक्वता ल्याउँछ। त्यसैले हामी सबैले अध्ययनलाई आफ्नो दैनिक जीवनको एउटा अभिन्न संस्कार बनाऔँ।

विशेषतः साहित्यिक संस्थामा आबद्ध हामीहरूका लागि यो अझ ठुलो जिम्मेवारी हो। हामी पढौँ, लेखौँ, सोचौँ र अरूलाई पनि पढ्न प्रेरित गरौँ। आफ्ना हातमा आएको पुस्तक वा पत्रिकालाई नपढी दराजमा थन्क्याउने होइन; त्यसका पानाहरू पल्टाऔँ, विचारहरू बुझौँ, आवश्यक ठाउँमा प्रश्न गरौँ र मनन गरौँ। किनकि अध्ययनबाट जन्मिएको विचार नै सिर्जनाको आधार हो र सिर्जनाले नै साहित्यलाई जीवन्त बनाउँछ।

यस अवधिमा हामीले हाम्रा साहित्यिक तथा सामाजिक क्षेत्रका दुई विशिष्ट व्यक्तित्वलाई गुमाएका छौँ-असम नेपाली साहित्य सभाकी गौरव, पूर्व अध्यक्ष तथा पद्मश्री सम्मानबाट विभूषित गीता उपाध्याय र संस्थाका पूर्व नेतृत्व सोमनाथ पराजुली। उहाँहरूको निधनले नेपाली साहित्य तथा हाम्रो संस्थालाई अपूरणीय क्षति पुगेको छ। यस दुःखद घडीमा उहाँहरूको योगदान र स्मृतिप्रति सम्मान व्यक्त गर्दै '**सभा वार्ता**'को यो १३औँ अङ्क गीता उपाध्यायज्यूको स्मृतिमा सादर समर्पण गर्दै गीता उपाध्याय र सोमनाथ पराजुलीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। उहाँहरूको साहित्यिक, संस्थागत तथा सामाजिक योगदान भावी पुस्ताका लागि सधैँ प्रेरणाको स्रोत बनिरहोस्-यही हाम्रो हार्दिक श्रद्धाभाव हो।

'**सभा वार्ता**'को यो १३औँ अङ्क पनि केवल एउटा प्रकाशन बनेर दराजमा थन्किएर नरहोस्। यसका प्रत्येक पृष्ठले संस्थाका गतिविधिबारे जानकारी दिनुका साथै हामीभित्र अध्ययन, चिन्तन र सिर्जनाको नयाँ उत्साह जगाओस्-यही हाम्रो कामना हो। आउनुहोस्, अध्ययनको संस्कारलाई पुनर्जीवित गरौँ।

आफू पढौँ, अरूलाई पढ्न प्रेरित गरौँ र नयाँ पुस्ताका लागि अध्ययनशील समाजको उदाहरण बनौँ। भाषा, साहित्य र संस्कृतिप्रतिको हाम्रो दायित्वलाई केवल शब्दमा होइन, कर्मद्वारा सार्थक बनाऔँ। *

**तिलक शर्मा, सम्पादक**
**महासचिव, असम नेपाली साहित्य सभा**

## ओदालगुडीमा असम नेपाली साहित्य सभाको
## तेस्रो कार्यकारिणी सभा५३औँ स्थापना दिवस तथा वार्षिक साधारण सभा सम्पन्न
## केन्द्रीय प्रतिवेदन

ओदालगुडी विश्वशान्ति नेपाली विद्या मन्दिर परिसरमा २, ३ र ४ जनवरी, २०२६ का दिन असम नेपाली साहित्य सभाको तेस्रो कार्यकारिणी सभा, ५३औँ स्थापना दिवस तथा वार्षिक साधारण सभा अति भव्यताका साथ सम्पन्न हुन्छ। २ जनवरी, २०२६ का दिन साँझ ६ बजेबाट बसेको कार्यकारिणी सभामा वार्षिक प्रतिवेदन पाठ, ग्रहण र संविधान संशोधनका ग्रहण गरिएका बुँदाहरूमाथि छलफल गरिन्छ।

दिनाङक : ३ जनवरी, २०२६ शनिवारका दिन बिहान ७ बजेदेखि असम नेपाली साहित्य सभा, ओदालगुडी शाखाद्वारा सरसफाइको कार्यक्रमबाट सुरु गरियो। बिहान ८ बजे सभापति डा. चिन्तामणि शर्माले झण्डोत्तोलन गर्नुहुन्छ भने स्मृतितर्पणमा मुख्य तर्पकको रूपमा महासचिव तिलक शर्मा रहनुहुन्छ। स्मृतितर्पणपछि ओदालगुडी पौरसभाका उपाध्यक्ष यतिन राजवंशीले वृक्ष रोपण गर्नुहुन्छ। बिहान १० बजेदेखि अनुष्ठित भएको भाषासेनानी तारापति उपाध्यायज्यूको स्मृतिमा समर्पित बहुभाषी कविगोष्ठीको उद्घाटक – प्राध्यापक, नेपाली अनुभाग, भारतीय भाषा विभाग, कला संकाय, काशी हिन्दू विश्वविद्यालयका डा. दिवाकर प्रधान हुनुहुन्थ्यो। अनेसासकी कार्यकारी सभापति डा. इन्दुप्रभा देवी सञ्चालक रहेको कविगोष्ठीमा गौतमज्योति तालुकदार–असमिया कवि, सुधीर मुर्मु–सान्थाली कवि, लाजपत चौहान–हिन्दीभाषी कवि, अञ्जन बासकोटा, कल्पना देवी आत्रेय, अनुप शर्मा आदि आमन्त्रित कविहरूका साथै ६५ जनाभन्दा अधिक कविहरूले कविता पाठ गर्दछन्।

साँझ ६ बजेबाट ओदालगुडी गौरव चन्द्रमोहन छेत्रीज्यूको स्मृतिमा समर्पित १७० जना प्रतिनिधि रहेको र डा. चिन्तामणि शर्माले सभापतित्व गर्नुभएको वार्षिक साधारण सभा पूर्व सदस्य अनेसास तथा साहित्य अकादमी, नेपाली भाषा परामर्श समितिका सदस्य चन्द्रमणि उपाध्यायले उद्घाटन गर्नुभयो। सभामा पठन–पाठन, शिक्षक नियुक्तिको खाँचो, अनेसासको संविधानका केही बुँदाहरूको संशोधन आदि गहन विषयमा छलफल, सिद्धान्त र प्रस्तावग्रहण गरिन्छ।

वार्षिक साधारणको सुरुमा अनेसास, ओदालगुडी शाखा समितिद्वारा 'यो देशको माटोले भन्छ' सामुहिक गीत अति हृदयस्पर्शी रूपमा प्रस्तुत गरिन्छ। सभामा स्वागतकारिणी समितिका कार्यकारी अध्यक्ष शान्तिराम शर्माले स्वागतभाषण प्रदान गर्नुहुन्छ।

भोलिपल्टको हुने आम सभामा उपस्थित रहन नसक्ने कारणले बिटिसी सरकारका उपमुख्य कार्यवाही सदस्य रिहन दैमारी आएर चलिरहेको साधारण सभामा विद्यालयदेखि महाविद्यालयसम्म नेपाली भाषा पठापाठनका लागि पहल गरिनेछ भन्ने आश्वासन दिँदै सभालाई सम्बोधन गरेर बिदा लिनुहुन्छ। साथै बोडो साहित्य सभाका सचिव नीलकान्त गयारीको पनि चल्दै गरेको यही वार्षिक साधारण सभाका बिचमै आगमन हुन्छ र वक्तव्य राख्नुहुन्छ।

दिनाङ्क ४ जनवरी, २०२६ आइतवारका दिन

विशेष संवर्धनाअन्तर्गत जम्मा १५ जना विशिष्ट व्यक्तित्वहरूलाई संवर्धना गरिन्छ। यो कार्यसूची शान्तिराम शर्माज्यूले सञ्चालन गर्नुहुन्छ। संवर्धित व्यक्तित्वहरूमा - विद्यापति दाहाल- विशिष्ट साहित्यिक, हरिप्रसाद शर्मा-समाजसेवक, इन्द्र सिवाकोटी- भाषा सेनानी, विष्णु शर्मा नेउपाने - साहित्यिक पेन्सनर, लोकबहादुर छेत्री-अवकाशप्राप्त अध्यक्ष-हरिसिङ्गा उच्चतर माध्यमिक विद्यालय, हेमलाल शर्मा-भाषा सेनानी, देवराज सापकोटा-साहित्यिक पेन्सनर, कमल सापकोटा-भाषा सेनानी, यादवमोहन कार्की - समाजसेवक, नरेश्वर मैनाली- भाषा सङ्ग्रामी, रङ्गलाल शर्मा-भाषासेनानी, शशिकुमार शर्मा - नाट्यकार, अवन नेपाल-सांस्कृतिक कर्मी, क्रान्ति देवी-सहकारी आयुक्त -ओदालगुडी, शान्ता शर्मा-मास्टर चेफ, रेङ्गोनी गृहिणी सुपर स्टार- २०२१ रहेका थिए। यसपछि नै सहदेव गौतमले सञ्चालन गरेको विभिन्न विद्यालय महाविद्यालयहरूमा MIL को रूपमा विना बेतन नेपाली भाषा पढाइरहेका शिक्षकहरूलाई संवर्धना गरिन्छ।

मध्याह्न १२ बजे डा. चिन्तामणि शर्माको सभापतित्वमा बसेको आमसभामा सभा गीत प्रस्तुत गरिन्छ। सभाको पहिलो चरणको सञ्चालन महासचिवद्वारा गरिएको थियो भने पछिल्लो चरणको सञ्चालन मोहनकुमार छेत्रीज्यूले गर्नुभएको थियो। अनेसास सल्लाहकार दुर्गा खतिवडाज्यूले उद्घाटन गरेको यस सभामा स्वागतकारिणी समितिका सभापति चन्द्रिका शर्माले स्वागत भाषण प्रदान गर्नुभएको थियो। निर्दिष्ट वक्ताको वक्तव्य प्रदान गर्नुहुन्छ - भवानीप्रसाद शर्मा, विशिष्ट साहित्यिक तथा बङ्गाइगाउँ विश्वविद्यालयका परीक्षा नियन्त्रक तथा विशिष्ट साहित्यकार भवानीप्रसाद शर्माले।

सभामा महासचिव तिलक शर्माद्वारा सम्पादित 'सभावार्ता', साहित्य सचिव लक्ष्मण अधिकारीद्वारा सम्पादित 'सभादर्पण' र सहदेव गौतमद्वारा सम्पादित स्मारिका 'अनेसासका त्रिपन्न पाइला' साहित्य अकादमी पुरस्कार प्रापक, राज्यिक कृती शिक्षक तथा ओदालगुडी उच्चतर माध्यमिक विद्यालयका पूर्व अध्यक्ष पुष्पधर शर्माले गर्नुहुन्छ र कल्पना देवी आत्रेयको कविता सङ्ग्रह 'मेरा ननिदाएका शब्दहरू' अनेसासका सभापति डा. चिन्तामणि शर्माज्यूले गर्नुहुन्छ। सभामा अति विशिष्ट अतिथिको रूपमा निम्त्याइएका अतिथिमध्ये, असम गोर्खा सम्मेलनका मुख्य मूल सचिव लक्ष्मी सेढाईको उपस्थिति रहेको थियो भने विशिष्ट अतिथिका रूपमा असम सरकारका केबिनेट मन्त्री चरण बोडो, बिटिसी मनोनित पार्षद-नन्दलाल राणा मगर र अजय हाजरिका रहेका थिए।

सम्माननीय अतिथिको रूपमा, अनेसास-उपसभापति भीम महाराजी, अनेसासका उपसभापति- लीला निरौला, कार्यकारी सभापति, अनेसास महिला प्रकोष्ठकी अध्यक्ष-जयन्तीकला देवी, अनेसास दाता सदस्य सुखदेव तिवारी, बिटिसी-अनेसासका सभापति भीष्मप्रसाद उपाध्याय, बिटिसी क्षेत्रीय समितिका मूल सचिव-प्रकाश पोख्रेल, बिटिसी क्षेत्रीय समिति, अगोसका मूल सचिव भुवन धमाला आदि उपस्थित रहेका थिए।

साथै आमन्त्रित अतिथिको रूपमा ओदालगुडी जिल्ला साहित्य सभा, ओदालगुडी जिल्ला समिति, आग्सु, ओदालगुडी जिल्ला समिति - अगोस, ओदालगुडी जिल्ला महिला प्रकोष्ठ - अगोस, विश्वशान्ति नेपाली विद्यालय मन्दिर

परिचालना समितिका पदाधिकारी, दिलीप पौडेल, प्रतिष्ठापक – बिएसएम इन्टरनेसनल, विनोद पोखे्रल, व्यावसायी प्रमुख, बिएसएम इन्टरनेसनल आदि अतिथिहरूको पस्थिति रहेको थियो र ओदालगुडी जिल्ला समिति, अनेसासका सभापति तिलबहादुर रेग्मीले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

विशेष स्मर्तव्य के छ भने, असम नेपाली साहित्य सभा, ओदालगुडी जिल्ला समितिको कार्यालय निर्माणको काम सम्पूर्ण गर्न बिटिसी गोर्खा पार्षद नन्दलाल राणाज्यूले ५० लाखको आवण्टन दिने घोषणा गर्नुभएको छ।

असमका विभिन्न स्थानबाट आएका प्रतिनिधि र अतिथिहरूले ओदालगुडीको आतिथ्यलाई प्रशंसा गरेका छन्। जिल्ला सचिव दीपेन्द्र उपाध्याय, उपसभापति यादव भट्टराई, महिला प्रकोष्ठका कार्यकर्ता, आग्सु–अगोसका कर्मीहरू र स्थानीय जनताको अक्लान्त परिश्रमले कार्यक्रमलाई अतिभव्यताका साथ सफल बनाएको हो।

*

– **सम्पादक**

## शोकवार्ता – १

तेजपुर, चाँदमारी निवासी विशिष्ट साहित्यिक, साहित्य अकादमी पुरस्कार प्रापक, भारत सरकारद्वारा पद्मश्री र असम सरकारद्वारा सतीसाधिनी सम्मान तथा देशविदेशका अनेक सम्मानले सम्मानित हुनुभएको शिक्षा, साहित्य, संस्था र समाजका निम्ति अद्वितीय सेवा पुऱ्याउनुहुने 'नेपाली साहित्य परिषद्, असम'की भूतपूर्व सभापति गीता उपाध्यायको गत १३ जुलाई, २०२६ का दिन निज आवासगृहमा परलोक गमन हुन्छ।

उहाँको वियोगी आत्माको चिरशान्तिका लागि असम नेपाली साहित्य सभाको तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो शोक समवेदना ज्ञापन गरिन्छ।

पुनश्च गरुडध्वज भगवान्का श्रीचरणमा उहाँको दिव्य आत्माले चिरशान्ति प्राप्त गरोस्।

## शोकवार्ता – २

अनेसास होजाई जिल्ला समितिका सभापति माननीय डिल्लीराम गौतमज्यूका पिता चूडामणि गौतमज्यूको गत २८ आगस्ट, २०२६ का दिन असामयिक परलोक गमन भएको छ। अनेसास केन्द्रीय समितिको तर्फबाट विदेह आत्माको चिरशान्ति कामना गरिन्छ।

– **लक्ष्मण अधिकारी, साहित्य सचिव**

# विश्वनाथ महाविद्यालयमा असम नेपाली साहित्य सभाद्वारा आयोजित संस्कृति विषयको एक दिवसीय राष्ट्रिय सङ्गोष्ठी सम्पन्न

गत ७ जुन, २०२६ का दिन असम नेपाली साहित्य सभा, केन्द्रीय समिति, विश्वनाथ जिल्ला समितिको संयुक्त आयोजना र विश्वनाथ महाविद्यालयको सहयोगमा विश्वनाथ महाविद्यालय सभाकक्षमा संस्कृति विषयलाई मूल विषयको रूपमा लिई एउटा एक दिवसीय राष्ट्रिय सङ्गोष्ठी सम्पन्न हुन्छ।

बिहान ९ बजेबाट प्रारम्भ भएको उद्घाटन र समापन सत्रबाहेकै यस सङ्गोष्ठीमा जम्मा चारवटा सत्र रहेका थिए भने १५ जना गवेषकहरूले संस्कृतिका विभिन्न विधामाथि आफ्ना कार्यपत्रहरू प्रस्तुत गरेका थिए।

कलाश्री विनोद खनालद्वारा दीप प्रज्ज्वलन भएपछि नै उद्घाटन सत्र प्रारम्भ भएको थियो। असम नेपाली साहित्य सभाका महासचिव तिलक शर्माले सञ्चालन गरेको यस उद्घाटन सत्रमा असम नेपाली साहित्य सभाका सभापति तथा विश्वनाथ महाविद्यालयका अध्यक्ष डा. चिन्तमणि शर्माको अध्यक्षता रहेको थियो भने सिक्किम केन्द्रीय विश्वविद्यालयका प्राध्यापक डा. देवचन्द्र सुब्बाज्यूले सत्रको उद्घाटन गर्दै बीज भाषण राख्नुभएको थियो। डा. चिन्तामणि शर्माले अध्यक्षको आसनबाट आफ्नो वक्तव्य राख्तै असम नेपाली साहित्य सभाको तथ्यात्मक छायाङ्कनसहित सम्पूर्ण इतिहास अवगत गराउनुभएको थियो।

सङ्गोष्ठीको पहिलो सत्रमा उत्तर बङ्ग विश्वविद्यालयका प्राध्यापक डा. कृष्णराज घतानीले अध्यक्षता गर्नुभएको थियो भने अग्रणी वक्ताको रूपमा हरि लुइटेल हुनुहुन्थ्यो। कार्यपत्र प्रस्तुत गर्नेहरूमा डमरप्रसाद रिजाल, धर्मेन्द्र उपाध्याय र प्रतिवेदकको रूपमा सञ्जीव उपाध्याय हुनुहुन्थ्यो। दोस्रो सत्रका अध्यक्ष लीला निरौला, अग्रणी वक्ता डा. खेमराज नेपाल, कार्यपत्र प्रस्तोता डा. जगन्नाथ उपाध्याय, रिजु देवी, लक्ष्मण अधिकारी र प्रतिवेदक अञ्जन बास्कोटा र तेस्रो सत्रका अध्यक्ष हेमकुमार गौतम, अग्रणी वक्ता मदन थापा, कार्यपत्र प्रस्तोता प्रेम विश्वकर्मा, पद्मा देवी, इन्द्र नेपाल, अनुप शर्मा, पूर्णकुमार शर्मा र प्रतिवेदक रेवतीरमण सापकोटा साथै चौथो सत्रमा अध्यक्ष उदयनारायण गौतम, अग्रणी वक्ता डा. इन्दुप्रभा देवी, कार्यपत्र प्रस्तोता झर्ना मिश्र भट्टराई, भक्तप्रसाद गौतम, डा. तिलक शर्मा र प्रतिवेदक चेवन शर्मा साथै विष्णु देवीहरूको सहभागिता रहेको थियो।

सङ्गोष्ठीको समापन सत्रमा कार्यपत्र प्रस्तोताहरूलाई आयोजक समितिको तर्फबाट एक एकवटा प्रमाणपत्र र स्मारक चिह्न पनि प्रदान गरिएको थियो। चारैवटा सत्रका सञ्चालक डा. सञ्जीव उपाध्याय यस सङ्गोष्ठीका संयोजक र सञ्चालक रहेका थिए भने, अनेसास – विश्वनाथ जिल्ला समितिका सभापति लीला तिमसिनाज्यूले स्वागत अभिभाषण राख्नुभएको थियो। संस्कृतिमाथि गरिएको यस राष्ट्रिय सङ्गोष्ठीले जनमानसमा संस्कृति चेतना जगाउने छ भन्ने विश्वास रहेको छ। सङ्गोष्ठीमा प्रस्तुत गरिएका कार्यपत्रहरूको सङ्कलन अति चाँडै प्रकाशित हुनेछ भन्ने कुरा पनि आयोजकवर्गले जनाएका छन्। असम नेपाली साहित्य सभाको वार्षिक कार्यसूचीभित्र रहेका कार्यक्रमहरूमा यो राष्ट्रिय सङ्गोष्ठी पनि थियो र यसको सफल समापन भएको छ। सङ्गोष्ठीमा भागवतप्रसाद उपाध्यायको छन्दोबद्ध कविता सङ्कलन मनको फूलबारी पुस्तक पनि लोकार्पण गरिन्छ।

# पद्मश्रीले सम्मानित वरिष्ठ साहित्यकार गीता उपाध्यायको वियोगमा असम नेपाली साहित्य सभाको शोक समवेदना ज्ञापन

**प्रस्तोता – लीला निरोला, उपसभापति, अनेसास**

गत अङ्ग्रेजी २० जुलाई,२०२६ सोमबार दिउँसो १ बजे अनेसास केन्द्रीय समितिको आह्वानमा असमकी ख्यातिप्राप्त साहित्यिक साहित्य अकादमी तथा पद्मश्री सम्मानले विभूषित प्रयात गीता उपाध्यायको शोकसभा तजपुर, चाँदमारीस्थित उहाँकै निवासमा पूर्व सांसद श्रीमान् स्वरूप उपाध्यायज्यूको उपस्थितिमा सम्पन्न हुन्छ।

प्रयात गीता उपाध्यायको शोक सभामा अनेसासका ९ वटा जिल्ला समिति, शाखा समिति तथा असमव्यापी गुणमुग्ध वरिष्ठ साहित्यकार, भाषाप्रेमी महानुभावहरूको उपस्थिति रहेको थियो। यस शोक सभामा अनेसास केन्द्रीय समितिका पदाधीकारीवर्ग र शाखा समितिका पदाधिकारी जम्मा ४३ जनाको सहभागिता रहेको थियो। उहाँहरू यस प्रकार हुनुहुन्छ। सभापति डा. चिन्तामणि शर्मा, उपसभापति लीला निरोला, मदन थापा, सांस्कृतिक सचिव पृथ्वीविलास भट्टराई, कार्यालय सचिव श्यामलाल पोख्रेल, महिला मञ्चकी मूल सचिव कल्पना आत्रेयलगायत अनेसासका विभिन्न ओहदाका कार्यकर्ताहरू – शान्तिराम पोख्रेल, महिम आचार्य, टिकाराम शर्मा, बद्री गुरागाईँ, अनिल गौतम, दीननाथ निरोला, नारद निरोला, अजन्ता आचार्य, लावण्य देवी, रिजु देवी, गायत्री शर्मा, पद्मा देवी, पूर्णिमा पोख्रेल, ईश्वर गौतम, डम्बरुधर पाठक, शिखरनाथ बराल, मोहन गौतम, भीमबहादुर क्षत्री, दिलीपकुमार क्षत्री, एमबाहादुर क्षत्री, खडानन्द उपाध्याय, चूडामणि नेउपाने, उद्धव रेग्मी, रामचन्द्र बस्नेत, देवराज उपाध्याय, डिल्लीराम उपाध्याय, देवीप्रसाद अधिकारी, हरि गौतम, लक्ष्मी शर्मा पराजुली, धर्मानन्द शर्मा, डम्बरकुमार भारती, पार्थ क्षत्री दुर्गा सापकोटा, लोकनाथ शर्मा, इन्द्र नेपाल र बुद्धिप्रसाद ओझा आदिको उपस्थिति थियो।

यस शोक सभामा उपस्थित रहनुहुने सम्पूर्ण महानुभाव तथा अनेसास केन्द्रीय समितिदेखि शाखासम्मका पदाधिकारीहरूले क्रमश: प्रयात गीता उपाध्यायको तस्बिरमा पुष्पाञ्जली गरे पश्चात् शोकसभा प्रारम्भहुन्छ। शोकसभामा अनेसास केन्द्रीय सभापति डा. चिन्तामणि शर्माज्यूले शोक सन्देश प्रेरण गर्दै भन्नुहुन्छ भारत सरकारद्वारा पद्मश्री र असम सरकारद्वारा 'सति साधिनी' सम्मानले सम्मानित विशिष्ट साहित्यकार आदरणीय दिदी गीता उपाध्यायको अकल्पनीय परलोक गमनले समस्त नेपाली साहित्य जगत्का साथै समाज र घर परिवारका निम्ति अपूरणीय क्षति भएको छ। उहाँको वियोगले सम्पूर्ण अनेसास परिवार शोकसागरमा डुबेको छ। आउँदा दिनमा दिदी गीता उपाध्यायको नाम स्वर्ण अक्षरले अङ्कित हुनेछ। हामीबिच उहाँको पार्थिव शरीर नरहे तापनि उहाँको गुण गरिमा समाज र साहित्यको गौरवमय इतिहासमा सदैव जीवित रहने छ र उहाँका अप्रकाशित पाण्डुलिपिहरू रहेमा अनेसास केन्द्रीय समितिले प्रकाशनमा ल्याउनुका साथै उहाँका राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मान र पुरस्कारहरू पनि

संरक्षणको चाँजो मिलाउने छ। शोकवार्तापछि नै प्रयात गीता उपाध्यायको पार्थिव शरीरले देवलोकमा स्थान पाओस् भन्ने कामनाका साथ भगवान् समक्ष प्रार्थना गर्दै १ मिनट समय मौन प्रार्थना हुन्छ। तत्पश्चात् अनेसास केन्द्रीय उपसभापति श्रीमान् मदन थापाज्यूले केन्द्रीय समितिद्वारा तयार पारिएको श्रद्धाञ्जली पत्रपाठ गर्नुहुन्छ र शोक सन्तप्त परिवार जनमा प्रदान गरिन्छ। यसको साथसाथै अन्य जिल्ला समिति र शाखा समितिले पनि आआफ्ना शोकपत्र पाठ गरेर परिवार जनमा प्रदान गर्नुहुन्छ। शोकपत्र प्रदान गर्ने जिल्लाहरू थिए बोकाखात, नगाउँ, शोणितपुर, ओदालगुडी, बाक्सा, ढेकियाजुली, भानु समिति नगाउँ, महिला मञ्च नगाउँ, कलियाबर आदि गरेर जम्मा ९ वटा शोकपत्र पाठ औ प्रदान भएका थिए। यसको साथसाथै प्रयात गीता उपाध्यायको परिवारवर्गको आतिथ्यमा फलाहार ग्रहण पश्चात् शोकसभाको अन्त हुन्छ।

***

## असम नेपाली साहित्य सभा, महिला मञ्च पूर्णाङ्ग समिति गठनको तैयारीमा

**मूल सचिव : कल्पना देवी आत्रेय**

असम नेपाली साहित्य सभाको केन्द्रीय समितिको विश्वनाथ महाविद्यालयमा २६ मार्च, २०२५ पहिलो कार्यकारिणी सभा अनुष्ठित हुन्छ।

त्यस सभामा असम नपोली साहित्य सभा, महिला मञ्चको कार्यभार मूल कमिटीबाट श्रीमती नवप्रभा अधिकारीलाई सभापति (मूल कमिटीमा उपसभापति), श्रीमती जयन्तीकला देवीलाई कार्यकारी सभापति (मूल कमिटीमा उपसभापति) तथा मलाई मूल सचिवको रूपमा कल्पना देवी आत्रेयलाई (मूल कमिटीमा साङ्गठनिक सचिव) को दायित्वभार प्रदान गरिएको थियो। यसरी अनेसास, केन्द्रीय महिला मञ्चका लागि नेतृत्त्वको चयन हुनुअघि नै अघि नै पश्चिम कार्बी आङ्लङ, धेमाजी, विश्वनाथ, शोणितपुर, ओदालगुडी, बाक्सा, कामरूप मेट्रो जिल्लाहरूमा अनेसास जिल्ला समिति महिला मञ्च गठन भइसकेको थियो। हामीले दायित्व पाएपछि अनेसासका केन्द्रीय पदमा र जिल्लाको दायित्वमा रहनुहुने केही पदाधिकारीहरूको सहभागितामा हामीले होजाई, नगाउँ, तामुलपुर, मोरिगाउँ, चरिाङ्ग, लखिमपुर,शिवसागर जिल्लामा महिला मञ्च, जिल्ला समितिहरू गठन हुन्छन्। जुनजुन जिल्लामा महिला मञ्च भएको छैन, त्यस जिल्लाका सभापति, सचिवहरूसँग बातचित गरी महिला मञ्च गठन गर्ने सरसल्लाह भइरहेको छ। समितिका पदाधिकारीहरूसँग अनेसासका विभिन्न कार्यक्रममा जिल्लाको मूल समितिसँग मिलेर महिला मञ्चले पनि काम गरिरहेको छ। अनि अर्को उल्लेखयोग्य कुरो के हो भने, 'असम नेपाली साहित्य सभा'को ५३औँ स्थापना दिवसको केन्द्रीय कार्यकारिणी सभामा 'अनेसास महिला प्रकोष्ठ' नभनेर 'अनेसास महिला मञ्च' भन्ने सिद्धान्त लिइएको थियो। तसर्थ त्यसदिनबाट महिला प्रकोष्ठलाई महिला मञ्च लेखिँदै आइएको छ।

खुसीको कुरा के हो भने, अनेसासको इतिहासमै पहिलोपल्ट अनेसास महिला मञ्चद्वारा 'महिला अभिवर्त्तन समारोह' अति चाँडै हुनजाँदैछ र तपाईँ हामी महिलाशक्ति एकत्रित भएर आगामी 'अनेसास महिला मञ्च अभिवर्तन' सफल तुल्याउन विनम्र अनुरोध गर्दछु। आगामी दिनहरूमा अनेसास केन्द्रीय नेतृत्वबाट 'अनेसास महिला मञ्च'लाई अझ दर्बिलो र अझ क्रियाशील एवम् सक्रिय तुल्याउन यहाँहरू सबैको साथ, सहयोग र सुझाव पाइरहन्छौँ भन्ने आशा गर्दछौँ। जयतु भाषा जननी। ***

# अनेसास, बाक्सा जिल्ला महिला मञ्चको प्रतिवेदन

**होमा गौतम, मूल सचिव**

**( गत जनवरी २०२६ देखि वर्तमानसम्म )**

१. ३ र ५ जनवरी २०२६ मा ओदालगुडीमा अनुष्ठित भएको अनेसास केन्द्रीय समितिको ५३औँ स्थापना दिवस तथा वार्षिक साधारण सभामा बाक्सा जिल्ला महिला मञ्चबाट जम्मा चारजना सदस्यले प्रतिनिधित्व गर्दछन्।

२. मिति १० जनवरी, २०२६ का दिन सोहबारी प्राथमिक विद्यालय भवनमा एक कार्यकारी सभा स्थायी सभानेत्री गीता दाहालज्यूको परिचालनामा अनुष्ठित हुन्छ। यस सभामा केन्द्रीय स्थापान दिवसको प्रतिवेदन दाखिल गरिन्छ।

३. मिति ८ मार्च, २०२६ का दिन बाक्सा जिल्ला समिति महिला मञ्च तथा निकासी हिमाली महिला मञ्चको संयुक्त आयोजनामा अनेसास निकासी कार्यालयमा 'अन्तराष्ट्रिय नारी दिवस' उद्यापन समारोह धुमधामले पालन गरिन्छ। यो दिवससँग सङ्गति राखी कविगोष्ठी आयोजन गरिन्छ। यो गोष्ठीमा १३ वटा स्वरचित कविता र २ वटा लघु कथा पाठ प्रस्तुत गरिन्छन्।

४. २९ मार्च, २०२६ का दिन असम नेपाली साहित्य सभाको आयोजना तथा बाक्सा जिल्ला समिति, बाक्सा जिल्ला महिला मञ्चको तत्त्वावधानमा र शाखा समितिहरूको सहयोगमा निकासी बजार स्थित डा. भूपेन हजारिका रङ्ग मञ्चमा एक दिवसीय भव्यतापूर्ण सांस्कृतिक कर्मशाला एवम् कार्यक्रम सम्पन्न गरिन्छ।

५. १२ एप्रिल, २०२६ का दिन HSLC परीक्षा २०२६ मा नेपाली ऐच्छिक विषयमा असमभित्रमै सर्वोच्च अङ्क प्राप्त गर्ने पञ्चमी हिमाली हाई स्कुलकी छात्रा भुटानखुटी गाउँ निवासी सुश्री लुना देवी गुरागाईँलाई महिला मञ्चको तर्फबाट हार्दिक बधाई ज्ञापन गरिन्छ।

६. ३० मार्च, २०२६ का दिन मुम्बई आइआइटीबाट विद्यावारिधि डिग्री (Ph.D.) हासिल गर्न सक्षम हुने अञ्चलकै एक मात्र महिला धनश्रीपुर गाउँ निवासी सुश्री विजया पाठकलाई निज वास भवनमा गई भव्य अभिनन्दन गरिन्छ।

७. जिल्ला समितिअन्तर्गत आरामपुर गाउँमा २१ जुन, २०२६ का दिन महिला समितिको आह्वानमा एक साधारण सभा अनुष्ठित हुन्छ। उक्त सभामा साहित्यगोष्ठी आयोजना गरिनुका साथै आगामी २ र ३ जुलाईमा भोलाझारमा अनुष्ठित हुनगइरहेको केन्द्रीय कटुवाल जयन्ती र बिटिसी क्षेत्रीय समितिको प्रथम वार्षिक अभिवर्तनमा भाग लिनका लागि जिल्ला समितिबाट ४ जना प्रतिनिधि चयन गरिन्छ।

८. १३ जुलाई, २०२६ का दिन बाक्सा जिल्ला समिति र बाक्सा जिल्ला महिला मञ्चको आयोजनामा हस्तिनापुर पुवेरुण सङ्घको आतिथ्यमा २१३औँ भानुजयन्ती समारोह भव्य रुपमा आयोजन गरिन्छ। यस समारोहमा आयोजना गरिएको साहित्यगोष्ठीमा छिमेकी राष्ट्र भुटानबाट विशिष्ट साहित्यिक श्रीमान् अच्युत घिमिरेज्यूको उपस्थिति

रहेको थियो। बिटिसी क्षेत्रीय समितिका सभापति श्रीमान् भीष्म उपाध्यायले मुख्य अतिथिको आसन अलङ्कृत गर्नु भएको थियो।

९. १३ जुलाई, २०२६ का दिन स्वर्गगामी हुनुभएको असमकी स्वनामधन्य साहित्यिक, शिक्षाविद पद्मश्रीले सम्मानित गीता उपाध्यायलाई गत १७ जुलाई, २०२६ का दिन निकासी आग्सु कार्यालय भवनमा श्रद्धाञ्जली ज्ञापन गरिन्छ।

१०. गत २५ जुलाई, २०२६ का दिन अनेसास बाक्सा जिल्ला महिला मञ्चको एक साधारण सभा श्रीश्रीशिवाशक्ति दुर्गा मन्दिर प्राङ्गण धनश्रीपुरमा अनुष्ठित हुन्छ। उक्त सभामा समितिको प्रथम त्रैवार्षिक अधिवेशन र तिज समारोह आगामी २० र २१ सितम्बरमा अनुष्ठित गर्ने सिद्धान्त ग्रहण गरिन्छ।

११. गत ५ आगस्ट, २०२६ का दिन स्वर्गवास हुनुभएको असमको विशिष्ट साहित्यिक तथा शिक्षाविद् भुटानखुटी गाउँ निवासी स्वर्गीय सोम पराजुलीको वास भवनमा उपस्थित भएर गत १४ आगस्ट, २०२६ का दिन हार्दिक श्रद्धाञ्जली ज्ञापन गरिन्छ।

१२. गत २० आगस्ट, २०२६ का दिन बाक्सा जिल्ला समिति र बाक्सा जिल्ला महिला मञ्चको संयुक्त आयोजन र हिमाली साहित्य समितिको आतिथ्यमा भुटानखुटी शिव मन्दिर प्राङ्गणमा साहित्य दिवस र भाषा मान्यता दिवस धुमधामले पालन गरिन्छ। यो कार्यक्रममा बिटिसी क्षेत्रीय समितिका उपसभापति श्रीमान् चन्द्रप्रसाद घिमिरेज्यू सञ्चालक र बिटिसी क्षेत्रीय समितिका मूलसचिव श्रीमान् ओमप्रकाश पोख्रेलज्यू समीक्षकको रूपमा रहेर एउटा साहित्यगोष्ठी सञ्चालन गर्नुहुन्छ। उक्त दिन निकासी भेकबाट सन् २०२६ को NEET परीक्षामा सफलता हासिल गर्न सक्षम हुने ६ जना छात्रछात्रालाई अभिनन्दनपत्र सहित संवर्धना गरिन्छ।

१३. २२ आगस्ट, २०२६ का दिन नयाँबस्ती खैरेनीमा महिला मञ्चको एक कार्यकारिणी सभा अनुष्ठित हुन्छ। उक्त सभामा महिला मञ्चको आगामी अधिवेशन सफल तुल्याउने बारेमा सरसल्लाह गरिन्छ। अनेसासकी उपसभापति तथा महिला मञ्च केन्द्रीय समितिकी कार्यकारी सभापति श्रीमती जयन्तीकला देवीको पनि उपस्थिति रहेको थियो।

१४. ३० आगस्ट, २०२६ का दिन बारापेटा मानस आञ्चलिक शाखाअन्तर्गत 'मुक्ति महिला समिति'को कायालय प्राङ्गणमा अधिवेशनबारे बाक्सा जिल्ला महिला मञ्चको आह्वानमा एउटा साधारण सभा सम्पन्न हुन्छ। उक्त सभामा सभापतित्व गर्नुहुन्छ मञ्चकी उपसभापति राधिका छेत्रीज्यूले। सभामा केन्द्र समितिकी उपसभापति तथा असम नेपाली साहित्य सभा, महिला मञ्चकी कार्यकारी सभापति जयन्तीकला देवीले बहुमूल्य वक्तव्य राख्नुभएको थियो।

यस्तै प्रकारले बाक्सा जिल्ला महिला मञ्चले जन्मलग्नदेखि नै अनेसासका हरेक कार्यसूचीमा सहयोगी भई आजको मितिसम्म निरन्तर आफ्नो दायित्व र कर्तव्य पालन गरिआएको छ। केन्द्रीय, क्षेत्रीय जिल्ला समिति र शाखा समितिहरूलाई सक्रिय सहयोग पुऱ्याउन प्रयत्न गरिरहेको छ।

***

# डिब्रुगढ जिल्ला समितिको तत्वावधानमा
# जातीय गौरव सम्मान समारोह तथा अनेसासका शाखा गठनसम्बन्धी समाचार
### मूल सचिव : डिब्रुगढ जिल्ला समिति, अनेसास

असम नेपाली साहित्य सभा, डिब्रुगढ जिल्ला समितिको तत्वावधानमा आयोजित 'जातीय गौरव सम्मान समारोह-२०२६' दिनाङ्क ३० मई,२०२६, शनिवारका दिन दुलियाजान क्लब प्रेक्षागृहमा भव्य एवम् गरिमामय रूपमा सम्पन्न भयो। डिब्रुगढ जिल्लाभित्रका समाजका विभिन्न क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएका तथा आफ्नो योग्यता र प्रतिभा प्रदर्शन गरेका १५ जना विशिष्ट व्यक्तित्वहरूलाई उक्त समारोहमा सम्मानित गरियो।

सम्मानित हुने विशिष्ट व्यक्तित्वहरूमा चिकित्सा क्षेत्रबाट डा. नारायण उपाध्याय, कानुन क्षेत्रबाट श्री विष्णुलाल शर्मा, साहित्य क्षेत्रबाट श्री चेवनप्रसाद शर्मा र श्री खुमान सोनार, क्रीडा क्षेत्रबाट श्री जितु क्षेत्री, श्री विनित राई, श्री विक्रम लामा एवम् श्री दीपक लिम्बू, समाज एवम् साहित्य क्षेत्रबाट श्री जापान थापा र श्री ऋतुराज कमल, सांस्कृतिक क्षेत्रबाट श्री तिलक नेवार, शिक्षा क्षेत्रबाट श्री आदित्य विश्वकर्मा र श्रीमती सङ्गीता देवी तथा प्रशासन क्षेत्रबाट श्री जङ्गबहादुर क्षेत्री रहनुभएको थियो।

समारोहको अध्यक्षता असम नेपाली साहित्य सभा केन्द्रीय समितिका माननीय सभापति डा. चिन्तामणि शर्माज्यूले गर्नुभएको थियो। कार्यक्रममा निर्दिष्ट वक्ताका रूपमा डिब्रुगढ विश्वविद्यालय, असमिया भाषा विभागका प्रोफेसर डा. सत्यकाम बरठाकुर उपस्थित हुनुहुन्थ्यो।

त्यसैगरी, अति विशिष्ट अतिथिका रूपमा असम नेपाली साहित्य सभा केन्द्रीय समितिका माननीय महासचिव श्री तिलक शर्मा, उपाध्यक्षद्वय श्री लोकनाथ नेवार र श्री भीम महाराजी, सदस्यहरू डा. कृष्णप्रसाद उपाध्याय, श्री हरिप्रसाद उपाध्याय तथा श्री खेमप्रसाद उपाध्याय, अनेसास धेमाजी जिल्ला समितिका सचिव श्री मित्रलाल शर्मा, अखिल असम गोर्खा छात्र सङ्घ केन्द्रीय समितिका सह सचिव श्री अजय आले, डिब्रुगढ जिल्ला समितिका सभापति श्री रत्न थापा, असम गोर्खा सम्मेलन डिब्रुगढ जिल्ला शाखाका सभापति श्री मोहन उपाध्याय, असम साहित्य सभाका अध्यक्ष श्री वदन गोगोई तथा उपाध्यक्ष श्री प्रशान्त नेउग, दुलियाजान साहित्य सभाका अध्यक्ष डा. अजित सैकिया तथा सचिव श्री मनोज दत्त, असम पब्लिक स्कुल, दुलियाजानका स्वत्ताधिकारी श्री जापान थापा, स्थानीय समाजसेवी श्री सुरेन क्षेत्री, अनेसास डिब्रुगढ जिल्ला समितिकी उपाध्यक्ष श्रीमती तुलसी क्षेत्री लगायत अन्य थुप्रै साहित्यप्रेमी, समाजसेवी तथा गण्यमान्य व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

असम नेपाली साहित्य सभा, डिब्रुगढ जिल्ला समितिका सभापति श्री रोशन क्षेत्री, कार्यकारी सभापति श्री कमलप्रसाद शर्मा तथा मूल सचिव श्री अनुपकुमार गुरुङको अगुवाइमा आयोजित उक्त समारोहमा समितिद्वारा प्रकाशित 'पूर्व किरण' नामक स्मारिकाको विमोचन सम्मानित व्यक्तित्व श्री चेवनप्रसाद शर्माज्यूले गर्नुभएको थियो।

यस समारोहसँग तालमेल राख्दै १७ मई, २०२६ आइतवारका दिन स्थानीय श्रीश्रीविष्णु मन्दिर प्राङ्गणमा कक्षा १ देखि कक्षा १२ सम्मका विद्यार्थीहरूलाई सहभागी गराई चित्राङ्कन, कविता आवृत्ति, क्विज तथा नृत्य प्रतियोगिता आयोजना गरिएको

थियो। उक्त प्रतियोगितामा सहभागी विद्यार्थीहरूलाई समेत प्रोत्साहनस्वरूप सम्मान गरिएको थियो।

त्यसैगरी, साँझको कार्यक्रममा स्वतन्त्रता सेनानी छविलाल उपाध्याय, भारत रत्न डा. भूपेन हजारिका तथा लोकप्रिय गायक जुबिन गर्गका तस्बिरमा माल्यार्पण एवम् दीप प्रज्वलन गरिएको थियो। तत्पश्चात् प्रस्तुत गरिएको विविधतापूर्ण एवम् रङ्गारङ्ग सांस्कृतिक कार्यक्रमले समारोहलाई थप आकर्षक र मनोरञ्जनपूर्ण बनाएको थियो।

## अनेसास डिब्रुगढ शाखा समिति गठन

उक्त भव्य एवम् गरिमामय जातीय गौरव सम्मान समारोह – २०२६ को सफल आयोजनापछि ११ आगस्ट २०२६ मा अनेसास डिब्रुगढ शाखा समिति गठन गरिएको छ। नवगठित समितिमा निम्नलिखित महानुभावहरूलाई विभिन्न पदको जिम्मेवारी प्रदान गरिएको छ :

उपदेष्टा : डा. नारायण उपाध्याय, श्री विष्णुलाल शर्मा र श्री चेवनप्रसाद शर्मा
सभापति : श्रीमती मञ्जु उपाध्याय
कार्यकारी सभापति : डा. टङ्कप्रसाद उपाध्याय
उपसभापति : श्री दीपक क्षेत्री
शिक्षा सचिव : श्रीमती पवित्रा शर्मा
साहित्य सचिव : श्रीमती सङ्गीता शर्मा
कोषाध्यक्ष : श्री नरेन प्रधान
सांस्कृतिक सचिव : श्री हेमन्त बराल
साङ्गठनिक सचिव : श्री भेषराज बराल
सदस्यहरू : श्री दीनानाथ शर्मा, श्री मुक्ति क्षत्री, श्री कृष्ण शर्मा र श्री मिन्टु शर्मा
सदस्याहरू : श्रीमती कोकिला देवी, श्रीमती बबिता बराल र श्रीमती नरमाया क्षेत्री

## अनेसास नाहोलिया शाखा समिति गठन

यसै क्रममा ४ अगस्ट २०२६, मङ्गलवारका दिन अनेसास नाहोलिया शाखा समिति समेत गठन गरिएको छ। अनेसास डिब्रुगढ जिल्ला समितिका अध्यक्ष श्री रोशन क्षत्री तथा कार्यकारी अध्यक्ष श्री कमलप्रसाद शर्माको पर्यवेक्षणमा साहित्यप्रेमी महानुभावहरूलाई विभिन्न पदको जिम्मेवारी प्रदान गरिएको हो।

नवगठित नाहोलिया शाखा समितिको पदाधिकारी विवरण यसप्रकार रहेको छ –

उपदेष्टा : श्री विक्रम क्षत्री, श्री भीमबहादुर लिम्बू र श्री गणेश थापा
सभापति : श्री रेलबहादुर लिम्बू
कार्यकारी सभापति : श्री ओमप्रकाश शर्मा
उपसभापति : श्री रामकृष्ण शर्मा
उपसभापति : श्रीमती विमला ठकुरी
मूल सचिव : श्री जमानसिंह क्षत्री
सचिव : श्री साना उपाध्याय
शिक्षा सचिव :श्री अङ्कुश शर्मा, सुश्री विशाखा शर्मा
साहित्य सचिव : सुश्री गीताञ्जली शर्मा
कोषाध्यक्ष : श्री रामकृष्ण थापा
सांस्कृतिक सचिव : श्री अमर शर्मा
साङ्गठनिक सचिव : श्री प्रेम क्षत्री

असम नेपाली साहित्य सभाले डिब्रुगढ जिल्लाका विभिन्न क्षेत्रमा साहित्यिक तथा सांस्कृतिक गतिविधिलाई अझ प्रभावकारी रूपमा विस्तार गर्ने उद्देश्यले जिल्ला तथा शाखा समितिहरूलाई सक्रिय बनाउँदै लैजाने निर्णय लिइएको छ। नवगठित समितिहरूले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने विश्वास गरिएको छ।

***

# असम नेपाली साहित्य सभा
# बाक्सा जिल्ला समितिको प्रतिवेदन

**मोहन भट्टराई, मूल सचिव**

असम नेपाली साहित्य सभा, बाक्सा जिल्ला समितिले सन् २०२६ को जनवरी महिनादेखि हालसम्म नेपाली भाषा, साहित्य, संस्कृति तथा सामाजिक क्षेत्रमा विभिन्न महत्वपूर्ण कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गर्दै आएको छ। शुभेच्छुकहरूको सहयोगमा यी गतिविधिहरू सञ्चालन गरिएको छ।

**१. साहित्यिक तथा सांस्कृतिक कार्यशाला :** सन् २०२६ को २९ मार्चमा केन्द्रीय समितिको तत्त्वावधान तथा असम नेपाली साहित्य सभा, बाक्सा जिल्ला समिति र महिला मञ्च, बाक्सा जिल्ला समितिको आयोजनामा पाँचवटा शाखाहरूको सहयोगमा साहित्यिक तथा सांस्कृतिक कार्यशाला सम्पन्न गरिएको थियो।

**२. क्षेत्रीय समितिको वार्षिक अभिवर्त्तन :** क्षेत्रीय समितिको २ र ३ जुलाईका दिन भोलाझारमा कटुवाल जयन्ती र बिटिसीको अभिवर्तन भएको थियो। उक्त कार्यक्रममा बाक्सा जिल्ला समितिअन्तर्गतका पाँचवटै शाखाका प्रतिनिधिहरूले सहभागिता जनाएका थिए। यसले जिल्ला र शाखाबिचको सङ्गठनात्मक सम्बन्धलाई अझ सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

**३. भानु जयन्ती समारोह :** १३ जुलाई २०२६ का दिन बाक्सा जिल्ला समितिको पहलमा असम नेपाली साहित्य सभा तथा महिला मञ्च, बाक्सा जिल्ला समितिको आयोजनामा, हस्तिनापुरनापुर गाउँ उन्नयन र पुवेरुण युवक सङ्घ समितिको सहयोगमा भानु जयन्ती समारोह भव्य रूपमा सम्पन्न गरिएको थियो।

भानु जयन्ती समारोहमा बिटिसी क्षेत्रीय समितिका सभापति भीष्म उपाध्यायको उपस्थिति थियो। भानुभक्त आचार्यको जिवनीमा कार्यपत्र पाठ गर्नुहुन्छ अनेसासकी उपसभापति जयन्ती कला देवी र अनेसास बिटिसी क्षेत्रीय समितिका उपसभापति चन्द्रप्रसाद घिमिरेले।

कार्यक्रममा कविगोष्ठी आयोजना गर्नुका साथै नेपाली भाषा र आदिकवि भानुभक्त आचार्यको योगदानका विषयमा चर्चा गरिएको थियो। केन्द्रीय समितिका सांस्कृतिक सचिव पृथ्वीलाल भट्टराई, उपसभापति जयन्तीकला देवी, केन्द्रीय सदस्य चूडामणि नेउपाने, क्षेत्रीय समितिका मूल सचिव ओम प्रकाश पोखेल र धेरै साहित्यिकहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा साना बालकबालिकादेखि ज्येष्ठ नागरिकसम्मको उल्लेखनीय उपस्थिति रहेको थियो। यस प्रकारको कार्यक्रमले नयाँ पुस्तामा नेपाली भाषा तथा साहित्यप्रतिको रुचि बढाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

**४. नेपाली भाषा मान्याता दिवस तथा साहित्य दिवस :** २० आगस्टमा भाषा मान्यता दिवस तथा साहित्य दिवस कार्यक्रम हिमाली शाखा साहित्य समितिअन्तर्गत भुटानखुटी वैद्यनाथ शिव मन्दिर

प्रङ्गनमा नेपाली भाषा दिवस कार्यक्रम आयोजना गरिएको थियो। बाक्सा जिल्ला समिति, महिला मञ्च, बाक्सा जिल्ला समिति तथा भुटानखुटी शाखाको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा विशेष रूपमा कविगोष्ठी सञ्चालन गरिएको थियो।

कविगोष्ठीमा करिब साठी वर्षदेखि सात–आठ वर्ष उमेरसम्मका बालबालिका तथा ज्येष्ठ नागरिकहरूले उत्साहपूर्वक सहभागिता जनाएका थिए। विभिन्न पुस्ताका साहित्यप्रेमीहरूको सहभागिताले नेपाली भाषा र साहित्यप्रतिको सामूहिक प्रतिबद्धता स्पष्ट पारेको थियो।

**५. साधारण सभा तथा कार्यकर्ता सभा** : जिल्ला समितिको कार्यालयमा दुईवटा साधारण सभा सम्पन्न भएका छन्। यसका अतिरिक्त विभिन्न शाखाहरूमा पनि साधारण सभा आयोजना गरी सङ्गठनका गतिविधि, आगामी कार्यक्रम तथा शाखाहरूको कार्यप्रगतिबारे छलफल गरिएको छ।

**६. शाखा भवन उद्घाटन** : निकासी शाखाअन्तर्गत निर्माण / व्यवस्थित गरिएको भवनको उद्घाटन कार्यक्रम पनि सम्पन्न गरिएको छ। उक्त भवनको उद्घाटन जीडीसीका अध्यक्ष प्रेम तामाङज्यूबाट गरिएको थियो। कार्यक्रममा अनेसास केन्द्रीय समितिका सभापति तथा महासचिवलगायत विभिन्न पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

यस भवनले शाखाको सङ्गठनात्मक तथा साहित्यिक गतिविधि सञ्चालन गर्न थप सुविधा उपलब्ध गराउने विश्वास गरिएको छ।

**७. केन्द्रीय समितिसँगको समन्वय** : बाक्सा जिल्ला समितिका गतिविधि तथा सङ्गठनको अवस्थाबारे जानकारी लिन केन्द्रीय समितिका सभापति तथा महासचिवले समयसमयमा बाक्सा जिल्लाको भ्रमण गरी जिल्ला समितिका पदाधिकारी तथा कार्यकर्तासँग भेटघाट र छलफल गर्नुभएको छ।

केन्द्रीय समिति, जिल्ला समिति तथा शाखाहरूबिच निरन्तर समन्वय कायम राख्दै नेपाली भाषा, साहित्य तथा सङ्गठनको विकासका लागि विभिन्न कार्यक्रमहरू अगाडि बढाइएका छन्।

**८. श्रद्धाञ्जली तथा शोक कार्यक्रम** : गत ३० जुन २०२६ का दिन बाक्सा जिल्ला समितिका मूल सचिव मोहन भट्टराईज्यूका पिता ज्ञानप्रसाद भट्टराई निधन भएको समयमा पनि केन्द्रीय समितिका अध्यक्ष, महासचिवलगायतको टोली बाक्सा जिल्लामा आई शोकसन्तप्त परिवारसँग भेट गरी समवेदना प्रकट गरेको छ।

पद्मश्री गीता उपाध्यायलाई श्रद्धाञ्जली ज्ञापन गरिन्छ गत २० आगस्ट, २०२६ का दिन केन्द्रीय समितिको आह्वानमा।

गत २४ आगस्ट, २०२६ का दिन बाक्सा जिल्ला समितिका सल्लाहकार तथा केन्द्रीय समितिका विभिन्न जिम्मेवारीमा रही योगदान पुऱ्याउनुभएका सोम नाथ पराजुलीज्यूको निधनमा पनि जिल्ला समितिले श्रद्धाञ्जली अर्पण गरेको छ।

जनवरी २०२६ देखि हालसम्म असम नेपाली साहित्य सभा, बाक्सा जिल्ला समितिले नेपाली भाषा, साहित्य, संस्कृति तथा सङ्गठनको विकासका लागि विभिन्न कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गर्दै आएको छ। साहित्यिक कार्यशाला, भानु जयन्ती, भाषा दिवस, कवि गोष्ठी, साधारण सभा, कार्यकर्ता सभा, शाखा भवन उद्घाटन तथा श्रद्धाञ्जली कार्यक्रममार्फत जिल्ला समिति र शाखाहरूलाई थप सक्रिय बनाउने प्रयास गरिएको छ।

विशेष गरी बालबालिकादेखि ज्येष्ठ

नागरिकसम्मलाई साहित्यिक कार्यक्रममा सहभागी गराउँदै नेपाली भाषा र साहित्यको संरक्षण, संवर्द्धन तथा नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यलाई जिल्ला समितिले प्राथमिकता दिएको छ।

आगामी दिनमा पनि केन्द्रीय समिति, राज्य समिति, जिल्ला समिति, महिला मञ्च तथा सम्पूर्ण शाखाहरूबिचको समन्वयलाई अझ सुदृढ गर्दै नेपाली भाषा, साहित्य र संस्कृतिको विकासका लागि थप प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ।

---

# असम नेपाली साहित्य सभा गोलाघाट जिल्ला समितिको कार्यविवरणी तथा प्रगति प्रतिवेदन

**प्रस्तुतकर्ता - के. लोप्चन, सभापति**

(अवधि–११ जनवरी २०२६ देखि २६ जुलाई २०२६ सम्म)

असम नेपाली साहित्य सभा, गोलाघाट जिल्ला समितिको तर्फबाट यस अवधिमा सम्पन्न भएका साहित्यिक, सामाजिक, सांस्कृतिक तथा साङ्गठनिक गतिविधिहरूको सङ्क्षिप्त कार्यविवरण तथा प्रगति प्रतिवेदन।

मिति ११ जनवरी २०२६ का दिन बडपथारस्थित भानुस्मृति गोर्खा भवनगा सम्पन्न असम नेपाली साहित्य सभा, गोलाघाट जिल्ला समितिको वार्षिक साधारण सभाबाट जिल्ला समितिको नयाँ कार्यसमिति गठन भई साहित्य, भाषा, कला, संस्कृति तथा सङ्गठनको विकास र विस्तारका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने जिम्मेवारी प्राप्त भएको थियो। यस अवधिमा जिल्ला समितिले आदरणीय केन्द्रीय समितिको मार्गदर्शन तथा जिल्ला समितिका पदाधिकारी, कार्यसमिति सदस्य, शाखा समितिहरू र साहित्यप्रेमी महानुभावहरूको साथ, सहयोग र सक्रिय सहभागितामा विभिन्न कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गर्नसकेको छ। यस अवधिमा सम्पन्न तथा सञ्चालन गरिएका प्रमुख गतिविधिहरू निम्नानुसार रहेका छन् –

**१. अन्तर्राष्ट्रिय नारी दिवसमा सहभागिता** : ८ मार्च,२०२६ अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा उरियामघाटमा आयोजित कार्यक्रममा जिल्ला सभापति श्री के. लोप्चनज्यू सहभागी भई असम नेपाली साहित्य सभा, गोलाघाट जिल्ला समितिको प्रतिनिधित्व गर्नुभएको थियो।

**२. चैते दसैँ समारोहमा सहभागिता तथा साङ्गठनिक समन्वय :** गोलाघाटको बोकाखातमा आयोजित चैते दसैँ समारोहमा केन्द्रीय समितिका साङ्गठनिक सचिव श्री गोपाल श्रेष्ठज्यू, जिल्ला कार्यकारी सभापति श्री धनप्रसाद लिम्बुज्यू, मुखपत्र सचिव श्री राजेश खनालज्यू तथा तत्कालीन मूल सचिव श्री घनश्याम खनालज्यू सहभागी हुनुभएको थियो। उक्त अवसरमा केन्द्रीय महासचिव श्रीमान

तिलक शर्माज्यूसँग नेतृत्वसँग महत्वपूर्ण भेटघाट, विचार–विमर्श तथा साङ्गठनिक समन्वय गर्ने अवसर प्राप्त भएको थियो।

**३. युवा वैज्ञानिक भानुभक्त उपाध्यायलाई अभिनन्दन :** बडपथार, अभयथारका उदीयमान युवा वैज्ञानिक श्री भानुभक्त उपाध्यायज्यूले प्राप्त गर्नुभएको उल्लेखनीय उपलब्धिको सम्मानस्वरूप जिल्ला समितिको तर्फबाट उहाँलाई अभिनन्दन पत्र प्रदान गरी सम्मान गरिएको थियो।

**४. बडपथार शाखा समितिको पुनर्गठन :** जिल्ला समितिको वार्षिक साधारण सभाकै अवसरमा बडपथार शाखा समितिको नयाँ कार्यसमिति गठन गरिएको थियो। नवनिर्वाचित कार्यसमितिमा सभापति श्री कमल मिश्र, मूल सचिव श्री विनोद कार्की रहनुभएको थियो।

**५. 'तरङ्गिणी' साहित्यिक कार्यक्रम तथा कविगोष्ठी :** मिति १ वैशाख २०८३ (१४ एप्रिल २०२६) का दिन उरियाघाट शाखाको सहयोगमा 'तरङ्गिणी' साहित्यिक कार्यक्रम तथा कविगोष्ठी सफलतापूर्वक सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा लगभग ३५ जना नवीन तथा प्रवीण कविहरूले सहभागिता जनाउनुभएको थियो। कार्यक्रमले स्थानीय साहित्यकार तथा कविहरूबिच सिर्जनात्मक आदानप्रदान र साहित्यिक सम्बन्ध विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो। सोही अवसरमा उरियाघाट शाखा समिति पुनर्गठन गर्दै: सभापति श्री अजय मिजार र मूल सचिव: श्री भुवनसिंह राईलाई चयन गरी नयाँ कार्य समिति गठन गरिएको थियो ।

**६. समाजसेवी स्वर्गीय कृष्ण पौडेलप्रति शोक–समवेदना :** मिति २० फेब्रुअरी २०२६ मा बरपथारका समाजसेवी स्वर्गीय कृष्ण पौडेलज्यूको आकस्मिक निधनप्रति जिल्ला समितिको तर्फबाट गहिरो दु:ख व्यक्त गर्दै उहाँको निवासमा पुगेर परिवारजनप्रति शोक समवेदना प्रकट गर्नुका साथै शोक समवेदना पत्र हस्तान्तरण गरिएको थियो।

**७. कार्बी आङ्लङ जिल्ला समितिका सभापतिकी मातृश्रीप्रति श्रद्धाञ्जली :** मिति २१ जुन २०२६ मा कार्बी आङ्लङ जिल्ला समितिका सभापति श्री छबिलाल सुब्बाज्यूकी मातृश्रीको निधनप्रति दु:ख व्यक्त गर्दै जिल्ला समितिको प्रतिनिधिमण्डल उहाँको निवासमा पुगेर श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोक–समवेदना प्रकट गरेको थियो।

**८. उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूको सम्मान :** यस वर्ष एचएसएलसी / एचएस परीक्षामा उत्कृष्ट नतिजासहित उत्तीर्ण भएका बडपथार क्षेत्रका विद्यार्थीहरूलाई जिल्ला समितिको तर्फबाट उनीहरूकै निवासमा पुगेर खँदा तथा नेपाली टोपीद्वारा सम्मान तथा अभिनन्दन गरिएको थियो। यस कार्यक्रममार्फत विद्यार्थीहरूलाई प्रोत्साहन गर्नुका साथै शिक्षा र प्रतिभाप्रति समाजको सकारात्मक दृष्टिकोण अभिवृद्धि गर्ने प्रयास गरिएको थियो।

**९. श्रीशिव महापुराण कार्यक्रममा सहभागिता :** दपथारमा आयोजित श्रीशिव महापुराण कार्यक्रममा प्राप्त निमन्त्रणालाई स्वीकार गर्दै जिल्ला समितिको प्रतिनिधिमण्डल सहभागी भएको थियो। उक्त अवसरमा धार्मिक तथा सांस्कृतिक कार्यक्रममा जिल्ला समितिको प्रतिनिधित्व गर्दै सामाजिक तथा सांस्कृतिक एकताको भावना अभिवृद्धि गर्न योगदान गरिएको थियो।

**१०. शोक–समवेदना :** बडपथार शाखा समितिका मूल सचिव श्री विनोद कार्कीज्यूकी

भाउजूको असामयिक निधनप्रति जिल्ला समितिको तर्फबाट दु:ख व्यक्त गर्दै उहाँको निवासमा पुगेर परिवारजनप्रति शोक-समवेदना प्रकट गर्नुका साथै शोक-समवेदना पत्र हस्तान्तरण गरिएको थियो।

**११. २१३औँ भानु जन्मजयन्ती समारोहको आयोजना :** असम नेपाली साहित्य सभा, गोलाघाट जिल्ला समितिको तत्त्वावधानमा तथा बडपथारवासी गोर्खा समाजको सहभागितामा बडपथारमा २१३औँ भानु जन्मजयन्ती समारोह भव्य रूपमा आयोजना गर्ने कार्यक्रम तय गरिएको छ। आदिकवि भानुभक्त आचार्यको २१३ औँ जन्मजयन्तीको अवसरमा नेपाली भाषा तथा साहित्यको संरक्षण, संवर्धन र प्रचार-प्रसार गर्ने उद्देश्यले विभिन्न साहित्यिक तथा सिर्जनात्मक प्रतियोगिताहरू समेत आयोजना गरिने कार्यक्रम रहेको छ। यस कार्यक्रमले नयाँ पुस्तालाई नेपाली भाषा, साहित्य र आदिकवि भानुभक्त आचार्यको योगदानसँग जोड्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

**१२. 'साहित्य प्रवाह' अर्ध वार्षिक बुलेटिनको दोस्रो अङ्क प्रकाशन :** २१३औँ भानु जयन्तीको अवसर पारेर असम नेपाली साहित्य सभा, गोलाघाट जिल्ला समितिको अर्धवार्षिक साहित्यिक बुलेटिन 'साहित्य प्रवाह'को दोस्रो अङ्क प्रकाशन गर्ने कार्य अघि बढाइएको छ। उक्त प्रकाशनको सम्पादन तथा व्यवस्थापन कार्य मुखपत्र सम्पादक श्री राजेश खनालज्यूको नेतृत्वमा अघि बढाइएको छ।

नेपाली भाषा, साहित्य, संस्कृति तथा स्थानीय साहित्यिक गतिविधिहरूलाई समेट्दै प्रकाशन गरिने यस बुलेटिनले गोलाघाट क्षेत्रको साहित्यिक गतिविधिलाई अभिलेखीकरण तथा प्रचारप्रसार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिइएको छ।

**१३. मूल सचिव पदमा भएको परिवर्तन :** २१३औँ भानु जयन्ती समारोहको तयारी भइरहेका बेला तत्कालीन मूल सचिव श्री घनश्याम खनालज्यूले आफ्नो पदबाट राजीनामा दिनुभएको थियो। उहाँको राजीनामा पश्चात् मिति २६ जुलाई २०२६ का दिन सम्पन्न जिल्ला समितिको कार्यकारिणी सभाले रिक्त रहेको मूल सचिव पदमा श्री अर्जुन दर्नालज्यूलाई मूल सचिवका रूपमा चयन गरेको छ। जिल्ला समितिले तत्कालीन मूल सचिव श्री घनश्याम खनालज्यूले आफ्नो कार्यकालमा निर्वाह गर्नुभएको जिम्मेवारी, योगदान तथा सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछ। साथै नवनियुक्त मूल सचिव श्री अर्जुन दर्नालज्यूको कार्यकाल सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्दछ।

**समग्र मूल्याङ्कन :** उल्लिखित गतिविधिहरूबाट स्पष्ट हुन्छ कि यस अवधिमा असम नेपाली साहित्य सभा, गोलाघाट जिल्ला समितिले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा साङ्गठनिक विकासलाई केन्द्रमा राखी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। शाखा समितिहरूको पुनर्गठन, साहित्यिक कार्यक्रम तथा कवि गोष्ठीको आयोजना, प्रतिभावान् विद्यार्थी तथा व्यक्तित्वहरूको सम्मान, सामाजिक तथा सांस्कृतिक कार्यक्रममा सहभागिता, दु:खद् घटनामा शोक-समवेदना तथा साहित्यिक प्रकाशनजस्ता कार्यहरूले जिल्ला समितिको गतिविधिलाई थप व्यापक बनाएको छ। विशेषगरी 'तरङ्गिणी' साहित्यिक कार्यक्रम, 'साहित्य प्रवाह' बुलेटिनको प्रकाशन तथा २१३ औँ भानु जयन्ती समारोहले जिल्लाको

साहित्यिक गतिविधिलाई अझ सक्रिय र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

**आगामी कार्यदिशा :** आगामी दिनहरूमा जिल्ला समितिले निम्न विषयहरूलाई प्राथमिकताका साथ अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछ–

१. नेपाली भाषा तथा साहित्यको संरक्षण, संवर्द्धन र प्रचारप्रसार गर्ने।

२. युवा तथा नयाँ पुस्तालाई साहित्यिक गतिविधिमा आकर्षित गर्ने।

३. शाखा समितिहरूलाई थप सक्रिय, व्यवस्थित र सुदृढ बनाउने ।

४. नियमित साहित्यिक कार्यक्रम, कविगोष्ठी, अन्तर्क्रिया तथा प्रतियोगिताहरू सञ्चालन गर्ने।

५. साहित्यिक प्रतिभाहरूको पहिचान, प्रोत्साहन तथा सम्मान गर्ने।

६. 'साहित्य प्रवाह' जस्ता साहित्यिक प्रकाशनलाई निरन्तरता दिने।

७. नेपाली कला, संस्कृति तथा मौलिक परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने।

८. केन्द्रीय समिति, जिल्ला समिति तथा शाखा समितिबिच अझ प्रभावकारी समन्वय कायम गर्ने।

**निष्कर्ष :** यस अवधिमा जिल्ला समितिले सञ्चालन गरेका सम्पूर्ण गतिविधिहरू कुनै एक व्यक्ति वा पदाधिकारीको मात्र प्रयासबाट सम्भव भएका होइनन्। केन्द्रीय समितिका साङ्गठनिक सचिव श्री गोपाल श्रेष्ठज्यू, जिल्ला सभापति श्री के. लोप्चनज्यू, मुखपत्र सम्पादक श्री राजेश खनालज्यू, कार्यकारी सभापति श्री धनप्रसाद लिम्बूज्यू, तत्कालीन मूल सचिव श्री घनश्याम खनालज्यू, नवनियुक्त मूल सचिव श्री अर्जुन दर्नालज्यू, सम्पूर्ण पदाधिकारी, कार्यसमिति सदस्य, शाखा समितिका पदाधिकारी तथा साहित्यप्रेमी सतीर्थवर्गको साथ, सहयोग, मार्गदर्शन, सद्भाव र सक्रिय सहभागिताका कारण यी कार्यहरू सम्पन्न गर्न सम्भव भएको हो। यस अवसरमा जिल्ला समितिको तर्फबाट सम्पूर्ण सहयोगी महानुभावहरूप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछौँ। आगामी दिनहरूमा पनि असम नेपाली साहित्य सभाको उद्देश्य, आदर्श र गरिमालाई आत्मसात् गर्दै नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा सङ्गठनको सुदृढीकरणका लागि अझ सक्रिय, योजनाबद्ध र प्रभावकारी रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौँ।



# अनेसास धेमाजी जिल्ला समिति प्रतिवेदन

## मूल सचिव : मित्रलाल शर्मा

अनेसास धेमाजी जिल्ला समितिको चौथो कार्यकारिणी सभा मिति १४ जुन, २०२६ लक्ष्मीनारायण मन्दिर प्राङ्गण सिलापथारमा सम्पन्न हुन्छ । सभामा युगकवि हरिभक्त कटुवाल जयन्ती र आदिकवि भानुभक्त आचार्य जयन्ती र भाषा दिवसका कार्यक्रम भव्य रूपमा सम्पन्न गर्ने साथै डिमौ शाखा समितिको आतिथ्यमा पुस्तक मेला कार्यक्रम गर्ने निर्णय गरिन्छ।

२ जुलाई, २०२६ का दिन ९२औँ युगकवि हरिभक्त कटुवाल जयन्ती सिलापथार शाखा समितिको आतिथ्यमा र जिल्ला समितिको उद्योगमा भव्य रूपमा सम्पन्न हुन्छ। झण्डोत्तोलन, स्मृतितर्पण, माल्यार्पण, कविता वाचन, नृत्यगीतआदि विभिन्न कार्यक्रम सम्पन्न हुन्छन्। पूर्व जिल्ला सभापति ढुण्डिराज उपाध्याय, केन्द्रीय उपसभापति लक्ष्मी पराजुली, केन्द्रीय सदस्य बुद्धि ओझा, मोहन उपाध्याय, जिल्ला महिला मञ्चका पदाधिकारी जिल्ला समितिका पदाधिकारी, शाखा समितिका पदाधिकारी, विद्यार्थी तथा स्थानीय साहित्यप्रेमीवर्गको उपस्थितिमा निर्दिष्ट वक्ताको भाषण प्रदान गर्नुहुन्छ जिल्ला साहित्य सचिव श्री राम दाहालज्यूले।

१३ जुलाई, २०२६ का दिन बरदलनी शाखा समितिको आतिथ्यमा २१३औँ आदिकवि भानुभक्त आचार्य जयन्ती सम्पन्न हुन्छ। आजीविका मार्गदर्शन गर्नुहुन्छ अवकाशप्राप्त सचिव कृषि विभाग असम सरकारका श्रीमान् तेजप्रसाद भुसाल र ब्लुमिङवार्ड विद्यालयका सञ्चालक श्रीमान् रोशन शर्माज्यूले। निर्दिष्ट वक्ताको भाषण श्री धर्मानन्द शर्माले प्रदान गर्नुहुन्छ। यस कार्यक्रम पन्चे बाजाको धुनले सभालाई रोचक बनाउँछ।

२० आगस्ट, २०२६ का दिन ३५औँ भाषा मान्यता दिवस जिल्लाअन्तर्गतका सबै शाखा समितिले सार्वजनिक स्थानमा दीप प्रज्ज्वलन गर्दै भाषा सेनानीहरूको सम्झना र भाषाको विकाश र विस्तारबारे चर्चा हुन्छ। जिल्ला समितिका कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नका लागि केन्द्रीय उपसभापति लक्ष्मी पराजुली, केन्द्रीय सदस्य बुद्धि ओझा, मोहन उपाध्याय, जिल्ला महिला मञ्चकी सभापति श्रीमती रेखा देवी, सचिव सङ्गीता देवी, जिल्ला पदाधिकारी र शाखा समितिका पदाधिकारीहरूको सहयोगले कार्यक्रम सफलतापूर्वक सम्पन्न हुन्छ।



# चार प्रमुख गोर्खा सङ्गठनबिच संयुक्त बैठक
# एकता, समन्वय र साझा सरोकारमा सहकार्य गर्ने प्रतिबद्धता

गुवाहाटी, २७ आगस्ट २०२६ : लामो अन्तरालपछि असमका चार प्रमुख गोर्खा सङ्गठन – असम गोर्खा सम्मेलन, असम नेपाली साहित्य सभा, अखिल असम गोर्खा छात्र सङ्घ (आग्सु) तथा भारतीय गोर्खा परिसङ्घ, असम राज्यिक समितिबिच संयुक्त बैठक सम्पन्न भएको छ। पल्टन बजारस्थित स्वर्गीय मणिकुमार सुब्बा भवनमा अगोसका सभापति श्रीमान् कृष्ण भुजेलको अध्यक्षतामा सम्पन्न बैठकमा असमको गोर्खा समुदायसँग सम्बन्धित सामाजिक, शैक्षिक, भाषिक, सांस्कृतिक तथा समसामयिक विषयमा गम्भीर छलफल गरिएको थियो।

बैठकमा असम नेपाली साहित्य सभाका सभापति डा. चिन्तामणि शर्मा, कार्यकारी सभापति डा. इन्दुप्रभा देवी, महासचिव तिलक शर्मा र केन्द्रीय सदस्य अशोक दाहाल सहभागी थिए। असम गोर्खा सम्मेलनका प्रशासनिक मूलसचिव लक्ष्मी सेढाईँ र सचिव सञ्जीव दाहाल तथा अखिल असम गोर्खा छात्र सङ्घका सभापति नोमल क्षेत्री, मूलसचिव सोमराज सोनार र केन्द्रीय सदस्यद्वय विकास पोखरेल तथा दीपक सुब्बाको उपस्थिति थियो। भारतीय गोर्खा परिसङ्घ, असम राज्यिक समितिका तर्फबाट राज्यिक सभापति अमर अधिकारी तथा राष्ट्रिय सचिव विमल प्रधान सहभागी भएका थिए।

बैठकमा गोर्खा समुदायका साझा हित, अधिकार र सरोकारका विषयमा चारै सङ्गठनबिच निरन्तर संवाद, समन्वय र सहकार्यलाई थप सुदृढ बनाउने विषयमा जोड दिइयो। सामाजिक, शैक्षिक, भाषिक तथा सांस्कृतिक विकाससँगै समुदायका समसामयिक सबालमा एकताबद्ध रूपमा पहल गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। लामो अन्तरालपछि सम्पन्न संयुक्त बैठकलाई असमका गोर्खा सङ्गठनहरूबिचको एकता र सहकार्यलाई नयाँ गति दिने महत्वपूर्ण पहलका रूपमा लिइएको छ।

## केन्द्र समितिको शोक समवेदना ज्ञापन

मिति १४/०८/२०२६ को दिन असम नेपाली साहित्य सभा, बिटिसी क्षेत्रीय समिति, साथै केन्द्रीय समितिका पदाधिकारी हरुको एउटा टोली, गएको ०४ अगस्त का दिन परलोक हुनुभएको, असम नेपाली साहित्य सभा, केन्द्रीय समितिका पूर्व सल्लाहकार, विशिष्ट साहित्यिक नेपाली भाषा सङ्ग्रामी, सोमनाथ पराजुलीको 'पराजुली निवासमा' गएर श्रद्धाञ्जली प्रदान गर्दछ।

यस श्रद्धाञ्जली कार्यसूचीमा बीटिसी क्षेत्रीय समितिबाट उपसभापति श्रीमान् चन्द्रप्रसाद घिमिरे, उपसभापति गीता शर्मा, मूलसचिव ओम प्रकाश पोखरेल, सचिव नारायण ओस्ती साथै केन्द्रीय समितिबाट उपसभापति जयन्तीकला देवी, सांस्कृतिक सचिव पृथ्वीलास भट्टराईका साथै अरू धेरै भाषा साहित्य प्रेमीहरूको उपस्थिति रहेको थियो।

## बोडोल्यान्ड विश्वविद्यालयमा बहुभाषिक साहित्यिक समारोह सम्पन्न
## अनेसासका सभापतिको अंशग्रहण

बोडोल्याण्ड विश्वविद्यालयको हृस्र र असम साहित्य सभाको संयुक्त पहलमा गत २५ र २६ आगस्ट २०२६ मा बोडोल्यान्ड विश्वविद्यालयमा दुईदिने साहित्यिक समारोह सम्पन्न भएको थियो।

समारोहको पहिलो दिन बोडो साहित्य सभा, असम नेपाली साहित्य सभा, कोच राजवंशी साहित्य सभा, राभा साहित्य सभा, सन्थाली साहित्य सभा र असम साहित्य सभाका सभापतिहरूले आ–आफ्ना कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

यस क्रममा असम नेपाली साहित्य सभाका सभापति डा. चिन्तामणि शर्माले "উমৈহতীয়া পটভূমি আৰু সাহিত্যিক অভিব্যক্তি ঃ মন্বয়ৰ সন্ধান" विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँको कार्यपत्रमा विभिन्न भाषिक तथा साहित्यिक समुदायबिचको साझा पृष्ठभूमि, साहित्यिक अभिव्यक्ति र पारस्परिक समन्वयका सम्भावनाबारे विचार प्रस्तुत गरिएको थियो।

समारोहको पहिलो दिन असम नेपाली साहित्य सभाका केन्द्रीय सदस्य श्री अशोक दाहालको समेत उपस्थिति रहेको थियो।

त्यसैगरी, समारोहको दोस्रो दिन प्रा. भवानीप्रसाद शर्मा, श्री कमलनाथ शर्मा, श्री मोहन गौतम, श्री गोविन्द शाण्डिल्य, श्रीमती गीता शर्मा भुसाल र श्रीमती विष्णुमाया दाहालले आफ्ना स्वरचित नेपाली कविताहरू पाठ गर्नुभएको थियो।

बहुभाषिक, बहुसांस्कृतिक र साहित्यिक समन्वयको भावना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित यस समारोहले विभिन्न भाषाका साहित्यिक स्रष्टाहरूबिच संवाद, सहकार्य र आत्मीयताको सेतु निर्माण गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

**–सम्पादक**

---

## 'असम जनगोष्ठीय समन्वय सम्मेलन'मा अनेसासको अंशग्रहण

गत ३० आगस्ट, २०२६ का दिन 'असम साहित्य सभा' र 'लिडु शाखा साहित्य सभा' तथा लिडु निवासी जनमानसको आयोजनामा 'असम जनगोष्ठीय समन्वय सम्मेलन'को आयोजना हुन्छ।

सभामा 'असम नेपाली साहित्य सभा'को तर्फबाट उपसभापति श्रीमान् भीम माहाराजीज्यूले प्रतिनिधित्त्व गर्नुहुन्छ। भव्य शोभायात्रामा अंशग्रहण गर्दै 'असम जनगोष्ठीय समन्वय सम्मेलन' विषयमा आयोजित खुल्ला सभामा असम नेपाली साहित्य सभाको तर्फबाट वक्तव्य राख्नुहुन्छ।

***

## साहित्य अकादेमी दिल्लीको सौजन्यमा अनेसास केन्द्रीय समितिको उद्योग तथा अनेसास पश्चिम कार्बी आङ्लङ् जिल्ला समितिको सहयोगमा बहुभाषी कवि गोष्ठी र लोखकसँग भेट कार्यक्रम पश्चिम कार्बी आङ्लङ्मा सम्पन्न

***प्रस्तोता - लीला निरौला, उप सभापति, अनेसास केन्द्रीय समिति***

साहित्यिक तथा सांस्कृतिक चेतनालाई प्रवर्द्धन गर्ने उद्देश्यले गत १७ मई २०२६ आइतवार का दिन पश्चिम कार्बी आङ्लङ्को मुगासङ् भानुनाट्य मञ्चमा एक भव्य बहुभाषी कवि सम्मेलन तथा लेखकसँग भेट (Meet the author) कार्यक्रम सम्पन्न हुन्छ। साहित्य अकादेमीको सौजन्य र अनेसास केन्द्रीय समिति, पश्चिम कार्बी आङ्लङ् जिल्लाको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न भाषा भाषी साहित्यकार कवि तथा साहित्य प्रेमीहरूको उत्साहजनक सहभागिता रहेको थियो।

यस कार्यक्रममा पाँच जना कविहरूले विभिन्न भाषाका कविता वाचन गर्दछन। "लेखक सँग भेट" कार्यक्रममा ख्याति प्राप्त साहित्यकार, असम नेपाली साहित्य सभाका भूतपूर्व सभापति तथा वर्तमान सल्लाहकार श्रीमान डम्बर दाहालज्यूलाई साहित्य अकादेमी तथा असम नेपाली साहित्य सभा र स्थानीय संघ संस्था र स्थानीय जनमानसद्वारा भव्य अभिनन्दन गर्दछन।

उक्त सभामा साहित्य अकादेमी दिल्लीका नेपाली भाषा परामर्श समितिका सक्रिय सदस्य, अनेसासका सल्लाकार श्रीमान दुर्गा खतिवोडा, अनेसास केन्द्रीय सभापति डा० चिन्तामणी शर्माज्यू महा सचिव श्रीमान तिलक शर्माज्यू, उप सभापति श्रीमान लीला निरौलाज्यू, साहित्य सचिव श्रीमान लक्ष्मण अधिकारीज्यू महिला मञ्च मूल सचिव श्रीमती कल्पना अत्रेयज्यू, सभा हितैषी सदस्य श्रीमान दिलीप शर्मा लगायत पश्चिम कार्बी आङलङ् जिल्लाका संघ संस्थाका पदाधीकारिहरूको विशेष सहभागिताले कार्यक्रमलाई अझ प्रभावकारी पारेको थियो। कार्यक्रममा उपस्थित साहित्यकारहरूले भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा सम्बर्धनका लागि सामूहिक प्रयास आवश्यक रहेको धारणा व्यक्त गरेका थिए।

बिहान १०.३० बजे द्वीप प्रज्वलनबाट प्रारम्भ भएको उक्त कार्यक्रमा अतिथि स्वागत कविता वाचन, गीत नृत्यले साहित्यिक परिवेशका

साथ दुईवाटो सश्रमा कार्यक्रम समापन हुन्छ। त्यसै बिच अनेसास केन्द्रीय समितिको भित्ते पात्रो विमोचन हुन्छ। कार्यक्रमको मुख्य आकर्षणका रूपमा प्रख्यात नेपाली साहित्यकार डम्बर दाहाल लेखकसँग भेट कार्यक्रमको अन्तरक्रियाका क्रममा वहाँले नेपाली साहित्यको वर्तमान अवस्था, सृजनात्मक लेखनको महत्व तथा नयाँ पुस्तालाई मातृभाषाप्रति अग्रसर गराउने विषयमा आफ्ना बहुमुल्य विचार व्यक्त गर्नुभयो। वाहाँले भाषा र साहित्य कुनै पनि समुदायको पहिचान र अस्तित्वसँग जोडिएको विषय भएकाले यसको संरक्षणमा सबैको दायित्व रहने विचार व्यक्त गर्नु भयो।

बहुभाषी कवि सम्मेलनमा सहभागी हुने कबिहरू हुनुहुन्थ्यो श्रीमान बापन क्रो (असमिया) श्रीमान बलेश्वर हानसे (कार्बी) श्रीमती अलका बाठारी (डिमासा) श्रीमान बुद्धेश्वर बरदलै (तिवा) श्रीमान रण काफ्ले (नेपाली) र वाहाँहरूले आ-आफ्नो मातृभाषामा कविता वाचन गरेका थिए। विभिन्न भाषामा प्रस्तुत गरिएका कविताहरूले कार्यक्रमथली साहित्यिक वातावरणले भरिएको थियो। सहभागीहरूले पनि साहित्यले समाजलाई एकताबद्ध गर्न तथा सांस्कृतिक विबिधतालाई सम्मान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका थिए।

कार्यक्रमा उपस्थित अनेसास केन्द्रीय सभापति चिन्तामणी शर्माज्यु र महासचिव तिलक शर्माज्यूले आ-आफ्ना बक्तव्यका क्रममा पश्चिम कार्बी आङ्लङ् जस्तो बहुभाषीक क्षेत्रमा यस्ता कार्यक्रमले आपसी सद्भाव, सांस्कृतिक आदान प्रदान तथा साहित्यिक चेतना अभिवृद्धिमा सकारत्मक प्रभाव पार्ने अवधारणा राख्नु भयो। विशेष गरेर युवापुस्तालाई भाषा र साहित्य प्रति आकर्षि गराउन नियमित रूपमा साहित्यिक गतिविधिहरू आवश्यक रहेको जोड दिनु भएको थिये।

असम नेपाली साहित्य सभाले विगतका दिन देखिनै भाषा साहित्य तथा संस्कृतिको संरक्षण र सम्बर्धनाको क्षेत्रमा सक्रिया भूमिका निर्वाह गर्दै आएको र आगामी दिनहरूमा पनि यस्ता साहित्यिक तथा सांस्कृतिक कार्यक्रमहरूमा निरन्तर सहभागिता राख्ने प्रतिबद्धता व्यक्त गरेकोछ। कार्यक्रममा सहभागी साहित्यप्रेमीहरूले पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने मतपोषण गरेका थिए। सम्पूर्ण कार्यक्रम साहित्यिक उत्साह, सांस्कृतिक चेतना तथा भाषिक विबिधताको सम्मानका साथ सफलतापूर्वक सम्पन्न भएको घोषणा गर्दै कार्यक्रमलाइ सञ्चालकले बिराम दिन्छन।

०००

# अनेसास, कामरूप जिल्ला समितिको गतिविधि प्रतिवेदन

*(अवधि : २५ डिसेम्बर २०२५ देखि २० आगस्ट २०२६ सम्म)*

## मूल सचिव : तृष्णा देवी

असम नेपाली साहित्य सभा, कामरूप जिल्ला समितिले २५ डिसेम्बर २०२५ देखि २५ आगस्ट २०२६ सम्ममा केन्द्रीय समितिको तत्त्वावधान तथा निर्देशनअनुसार साथै नेपाली भाषा, साहित्य, संस्कृति र सामाजिक क्षेत्रमा विविध रचनात्मक गतिविधिहरू सञ्चालन गर्दै आएको छ। साथै, विभिन्न साहित्यिक, सांस्कृतिक, सामाजिक तथा सम्मान समारोहहरूमा सक्रिय सहभागिता जनाउँदै सभाको उद्देश्य र गरिमालाई अघि बढाउने कार्यमा निरन्तर योगदान पुऱ्याउँदै आएको छ। यस अवधिका प्रमुख गतिविधिहरू निम्नानुसार छन्।

**१. कार्यकारिणी सभा तथा सङ्गठनात्मक गतिविधि :** गत २५ डिसेम्बर २०२५ का दिन नेपाली मन्दिर, पल्टनबजार, गुवाहाटीमा कामरूप जिल्ला समितिका सभापति श्री दुर्गानारायण शर्माज्यूको अध्यक्षतामा कार्यकारिणी सभा सम्पन्न भयो। सभामा केन्द्रीय समितिका कार्यकारी सभापति डा. इन्दुप्रभा देवीज्यू, उपसभापति डा. कालिदास शर्माज्यू, सदस्य श्री जनकराज उपाध्यायज्यू तथा जिल्ला समितिबाट श्री दुर्गानारायण शर्माज्यू, श्री पुरुषोत्तम उपाध्यायज्यू, श्री एगराज क्षेत्रीज्यू, श्री विकाश क्षेत्रीज्यू, महिला मञ्चकी सभापति श्रीमती लक्ष्मी सुवेदीज्यू, सचिव श्रीमती तृष्णा देवीज्यू, सहसचिव श्रीमती पूजा शर्माज्यू, श्री मिनु क्षेत्रीज्यू तथा विभिन्न शाखाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

यस अवसरमा असम सरकारद्वारा प्रदान गरिएको 'युवा लेखक सम्मान - २०२५' प्राप्त गर्नुभएकी श्रीमती तृष्णा देवीज्यूलाई सम्मान गरियो। उहाँ त्यस समय कामरूप जिल्ला महिला प्रकोष्ठकी सचिवका रूपमा जिम्मेवारी निर्वाह गर्दै आउनुभएको थियो। मूल सचिव श्री एगराज क्षेत्रीज्यूको पदत्याग स्वीकृत भएपछि डा. कालिदास शर्माज्यूको प्रस्ताव तथा श्री एगराज क्षेत्रीज्यू र श्री विकास क्षेत्रीज्यूको समर्थनमा महिला मञ्चबाट श्रीमती तृष्णा देवीज्यूलाई जिल्ला समितिमा ल्याई मूल सचिवको दायित्व सर्वसम्मत रूपमा प्रदान गरियो। साथै श्रीमती पूजा शर्माज्यूलाई महिला मञ्चको सचिव तथा श्री मिनु क्षेत्रीज्यूलाई सहसचिवको जिम्मेवारी प्रदान गरियो। ४ जनवरी ३०२६ मा स्थापना दिवस कार्यक्रम अमेरिगोग शाखाको सहयोगमा गर्ने निर्णय गरियो।

**२. असम नेपाली साहित्य सभाको स्थापना दिवस समारोह :** ४ जनवरी २०२६ का दिन श्रीश्रीभद्रकालेश्वरी मन्दिर प्राङ्गणमा असम नेपाली साहित्य सभा, कामरूप जिल्ला समिति तथा अमेरिगोग शाखाको संयुक्त सहयोगमा असम नेपाली साहित्य सभाको स्थापना दिवस समारोह सम्पन्न भयो। अमेरिगोग शाखाका सभापति श्री भक्त गौतमज्यूको सभापतित्वमा झण्डोत्तोलनबाट कार्यक्रम प्रारम्भ भयो।

कार्यक्रममा कामरूप जिल्ला समितिका कार्यकारी सभापति श्री पुरुषोत्तम उपाध्यायज्यू तथा डा. देवेन सापकोटाज्यूको विशेष उपस्थिति रहेको थियो। साथै आग्सु, कामरूपका मूल सचिव श्री उत्तम शर्माज्यू, बृहत्तर गुवाहाटी गोपालक संस्थाका मूल सचिव श्री नारायण तिवारीज्यू, नेपाली मन्दिर

प्रबन्ध समितिका मूल सचिव श्री पदम रिजालज्यू लगायत जोरबाट क्षेत्रका करिब ४० जनाको सहभागिता रहेको थियो। अमेरिगोग शाखाका मूल सचिव श्री तुलसी शर्मा 'सागर'ज्यूले सभाको उद्देश्य स्पष्ट पार्नुभयो। श्री पुरुषोत्तम उपाध्यायज्यूले कविता वाचनसँगै नेपाली भाषाका पुस्तक वितरण गरी भाषा–साहित्य अध्ययनका लागि आह्वान गर्नुभयो भने डा. देवेन सापकोटाज्यूले पर्यावरणसम्बन्धी कविता वाचन गर्नुभयो।

**३. 'अनुहारभित्रको आकाश'को हिन्दी अनुवाद विमोचन कार्यक्रममा सहभागिता :** २८ जनवरी २०२६ का दिन पानबजार, गुवाहाटीस्थित पूर्वायण प्रकाशनको कार्यालयमा असम नेपाली साहित्य सभाकी कार्यकारी सभापति तथा वरिष्ठ साहित्यकार डा. इन्दु प्रभा देवीज्यूको उपन्यास 'अनुहारभित्रको आकाश'को हिन्दी अनुवाद 'चेहरे के अंदर का आकाश' विमोचन भयो। पत्रकार तथा लेखक श्री अर्जुन निरालाज्यूद्वारा अनूदित उक्त कृतिको विमोचनमा साहित्य क्षेत्रका प्रतिष्ठित व्यक्तित्व तथा विशिष्ट अतिथिहरूको उपस्थिति रहेको थियो। कामरूप जिल्ला समितिका प्रतिनिधिहरूको गरिमामय सहभागिता रहेको उक्त कार्यक्रमले नेपाली साहित्यलाई हिन्दी भाषामार्फत अझ व्यापक पाठकसमक्ष पुऱ्याउने महत्वपूर्ण कडी थप्यो।

**४. लीलबहादुर क्षत्री साहित्यिक पुरस्कार तथा स्मृतिग्रन्थ लोकार्पण कार्यक्रममा उपस्थिति :** गत १ मार्च २०२६ का दिन लीलबहादुर क्षत्री फाउन्डेसनको आयोजनामा डिम्बेश्वर नेउग सभागृह, शङ्करदेव कलाक्षेत्र, पाञ्जाबारी, गुवाहाटीमा स्वर्गीय लीलबहादुर क्षत्रीज्यूको ९३औँ जन्मजयन्तीका अवसरमा 'लीलबहादुर क्षत्री साहित्यिक पुरस्कार' अलङ्करण तथा स्मृतिग्रन्थ लोकार्पण समारोह सम्पन्न भयो। कार्यक्रममा असम नेपाली साहित्य सभा, कामरूप जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूको उल्लेखनीय उपस्थिति रह्यो।

**५. श्री दलबहादुर क्षत्रीज्यूको ८६औँ जन्मदिन अभिनन्दन समारोहमा सहभागिता :** गत १ मे २०२६ का दिन नेपाली भाषा संस्कृति मञ्च, असमको आयोजनामा श्री दलबहादुर क्षत्रीज्यूको ८६औँ जन्मदिनका अवसरमा एस. के. के. मा भव्य अभिनन्दन समारोह सम्पन्न भयो। कामरूप जिल्ला समितिको तर्फबाट उहाँलाई असमिया गम्छा, गुलदस्ता तथा अभिनन्दनपत्र प्रदान गरी जन्मदिनको हार्दिक शुभकामना व्यक्त गरियो। सभापति, कार्यकारी सभापति तथा महिला मञ्चकी सभापतिसहित समितिका अन्य पदाधिकारीहरूको उल्लेखनीय उपस्थिति रहेको कार्यक्रममा वक्तव्य, सांस्कृतिक प्रस्तुति तथा पुस्तक लोकार्पणसमेत गरियो।

**६. सफल विद्यार्थी सम्मान कार्यक्रममा उपस्थिति :** गत ७ जुन २०२६ का दिन असम गोर्खा सम्मेलन, कामरूप महानगर जिल्ला समितिको आयोजनामा वाणीकान्त काकती प्रेक्षागृह, कलाक्षेत्र, गुवाहाटी – ३७ मा सन् २०२६ को उच्च माध्यमिक तथा उच्चतर माध्यमिक परीक्षामा सफल विद्यार्थीहरूको सम्मानमा आयोजित विशेष अभिनन्दन सभामा असम नेपाली साहित्य सभा, कामरूप जिल्ला समितिका सभापति श्री दुर्गानारायण शर्माज्यूसहित अन्य पदाधिकारीहरूको गरिमामय उपस्थिति रह्यो।

**७. 'चौतारी'को तेस्रो वार्षिक साधारणसभामा उपस्थिति :** गत १४ जुन २०२६ का दिन गुवाहाटीको सामाजिक संस्था 'चौतारी'को तेस्रो वार्षिक साधारणसभा द इन्स्टिट्युसन अफ इन्जिनियर्स (इन्डिया), पानबजार, गुवाहाटीमा

सम्पन्न भयो। कार्यक्रममा कामरूप जिल्ला समितिका सभापतिसहित अन्य पदाधिकारीहरूको गरिमामय उपस्थिति रह्यो। समितिको उपस्थिति तथा सल्लाह परामर्शले कार्यक्रमलाई सफल बनाउन सहयोग पुऱ्यायो।

**८. 'वासुदेव जालान स्मारक पुरस्कार – 2026' समारोहमा सहभागिता :** गत ३० जुन २०२६ का दिन अमबारी, गुवाहाटीस्थित सङ्गीताचार्य लक्ष्मीराम बरुवा सदन, भगवतीप्रसाद बरुवा भवनमा असम साहित्य सभाको पहल तथा असम नेपाली साहित्य सभाको सहयोगमा गोर्खा जनगोष्ठीको एक बौद्धिक तथा सांस्कृतिक समावेश' कार्यक्रम सम्पन्न भयो।

असम साहित्य सभाका सभापति डा. वसन्तकुमार गोस्वामीज्यूको सभापतित्वमा सम्पन्न समारोहमा असम नेपाली साहित्य सभाकी कार्यकारी सभापति तथा वरिष्ठ साहित्यकार डा. इन्दुप्रभा देवीज्यूलाई 'वासुदेव जालान स्मारक पुरस्कार – २०२६' नगद राशि, स्मारक, प्रशस्तिपत्र, अङ्गवस्त्र तथा पुस्तकसहित प्रदान गरी सम्मान गरियो। नेपाली तथा असमिया भाषा–साहित्यमा उहाँले पुऱ्याउनुभएको विशिष्ट योगदान, निरन्तर साहित्यिक साधना, नेपाली भाषा–साहित्यको संरक्षण तथा प्रवर्द्धनमा निर्वाह गर्नुभएको भूमिका र दुवै भाषाको साहित्यिक सम्बन्धलाई सुदृढ बनाउन पुऱ्याउनुभएको योगदानको कदरस्वरूप उक्त पुरस्कार प्रदान गरिएको हो। समारोहमा असम नेपाली साहित्य सभाका सभापति डा. चिन्तामणि शर्माज्यू, केन्द्रीय मूल सचिव श्री तिलक शर्माज्यू, असम साहित्य सभाका मूल सचिव श्री देवजित बराज्यू, असम नेपाली साहित्य सभाका सल्लाहकार तथा पूर्व सभापति श्री दुर्गा खतिवडाज्यू लगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। साथै कामरूप जिल्ला समितिका उपस्थित पदाधिकारी तथा सदस्यहरूलाई 'स्नेहपत्र' प्रदान गरी सम्मान गरिएको थियो।

**९. ९२औँ कटुवाल जयन्ती समारोह :** असम नेपाली साहित्य सभा, कामरूप जिल्ला समिति तथा कामरूप जिल्ला महिला मञ्चको संयुक्त आयोजनामा २ जुलाई २०२६ का दिन उजानबजारस्थित विष्णु निर्मला भवनमा ९२औँ कटुवाल जयन्ती समारोह भव्य रूपमा सम्पनन भयो। सभापति श्री दुर्गानारायण शर्माज्यूको सभापतित्व तथा केन्द्रीय समितिका सल्लाहकार एवं पूर्व सभापति श्री दुर्गा खतिवडाज्यूको प्रमुख वक्तव्यमा सम्पन्न कार्यक्रममा दीप प्रज्वलन तथा हरिभक्त कटुवालज्यूको तस्बिरमा पुष्पाञ्जली अर्पण गरिएको थियो।

मूल सचिव श्रीमती तृष्णा देवीज्यूले कार्यक्रमको उद्देश्य प्रस्तुत गर्दै हरिभक्त कटुवालज्यूको साहित्यिक योगदानलाई भावी पुस्तासम्म पुऱ्याउनु तथा नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्नु कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो। प्रमुख वक्ता श्री दुर्गा खतिवडाज्यूले कटुवालज्यूको जीवन, व्यक्तित्व, साहित्यिक यात्रा तथा कृतित्वबारे गहन मन्तव्य राख्नुभयो।

हरिभक्त कटुवालज्यूको कालजयी रचना 'यो देशको माटाले भन्छ' महिला मञ्चकी सचिव श्रीमती पूजा शर्माज्यू तथा जिल्ला समितिकी सह सचिव श्रीमती रञ्जिता भट्टराईज्यूको नेतृत्वमा कोरसमा प्रस्तुत गरियो। कार्यक्रममा केन्द्रीय समितिका उपसभापति डा. कालिदास शर्माज्यू, कार्यकारी सदस्य डा. देवेन सापकोटाज्यू, असम गोर्खा सम्मेलनका सभापति श्री युवराज गड्तौलाज्यू, कामरूप जिल्ला समितिका कार्यकारी सभापति श्री पुरुषोत्तम उपाध्याय

दाहालज्यू, उपसभापति श्री विकास क्षेत्रीज्यू, महिला प्रकोष्ठकी सभापति श्रीमती लक्ष्मी सुवेदीज्यू, विभिन्न शाखाका प्रतिनिधिहरू श्री भक्त गौतमज्यू, श्री थानेश्वर शर्माज्यू, श्री ललित श्रेष्ठज्यू लगायत शाखाका पदाधिकारी, साहित्यकार, कवि, समाजसेवी तथा साहित्यप्रेमीहरूको उल्लेखनीय उपस्थिति रह्यो।

लिटल स्टार सिनियर सेकेन्डरी स्कुल, ९ माइल, बरीदुवाका छात्र-छात्राहरूले नृत्य तथा स्नेहा सुवेदीज्यूले गीत प्रस्तुत गर्नुभयो। कार्यकारी सभापति श्री पुरुषोत्तम उपाध्याय दाहालज्यूको सञ्चालनमा सम्पन्न कवि गोष्ठीमा करिब १५ जना कविहरूले कविता तथा मौलिक रचना वाचन गरे। करिब १०० भन्दा बढी सहभागी रहेको समारोहमा सभापति श्री दुर्गानारायण शर्माज्यूले हरिभक्त कटुवालज्यूको साहित्यिक योगदानको संरक्षण तथा प्रवर्द्धनमा निरन्तर जोड दिनुभयो। मूल सचिव श्रीमती तृष्णा देवीज्यूले धन्यवाद ज्ञापन गर्नुभयो।

**१०. पद्मश्री गीता उपाध्यायज्यूको पुण्यस्मृतिमा श्रद्धाञ्जली सभा :** गत १८ जुलाई २०२६ का दिन असम नेपाली साहित्य सभा, कामरूप जिल्ला समितिको आयोजनामा नेपाली मन्दिर परिसरको गोर्खा एम. ई. स्कुलमा विशिष्ट साहित्यकार स्वर्गीय पद्मश्री गीता उपाध्यायज्यूको पुण्यस्मृतिमा श्रद्धाञ्जली सभा सम्पन्न भयो। सभापति श्री दुर्गानारायण शर्माज्यूको सभापतित्वमा दीप प्रज्वलन, पुष्पाञ्जली तथा एक मिनेट मौनधारण गरिएको थियो।

मूल सचिव श्रीमती तृष्णा देवीज्यू, उत्तर गुवाहाटी शाखाका सचिव डा. ललित श्रेष्ठज्यू तथा गुवाहाटी विश्वविद्यालय शाखाका सचिव श्री नवीन बजगाईँज्यूले उहाँको व्यक्तित्व, कृतित्व तथा नेपाली भाषा-साहित्य, शिक्षा र समाजसेवामा पुऱ्याउनुभएको योगदानबारे श्रद्धाञ्जली मन्तव्य राख्नुभयो। सभापति श्री दुर्गानारायण शर्माज्यूले उहाँका आदर्श र योगदानलाई आत्मसात गर्नु नै साँचो श्रद्धाञ्जली हुने बताउनुभयो।

**११. साहित्य अकादेमी तथा असम गोर्खा सम्मेलनको साहित्यिक समारोहमा सहभागिता :** गत १९ जुलाई २०२६ का दिन साहित्य अकादेमी, नयाँ दिल्ली तथा असम गोर्खा सम्मेलनको संयुक्त तत्त्वावधानमा मणिकुमार सुब्बा भवनको प्रेक्षागृहमा साहित्यिक समारोह सम्पन्न भयो। 'नारी चेतना' सत्रदेखि 'कवि सम्मेलनसम्म' विभिन्न कार्यक्रम समावेश गरिएको उक्त समारोहमा असम नेपाली साहित्य सभा, कामरूप महानगर जिल्ला समितिका सम्पूर्ण पदाधिकारीहरूको कार्यक्रमको सुरुदेखि अन्त्यसम्म गरिमामय तथा सक्रिय उपस्थिति रह्यो।

**१२. ३५औँ नेपाली भाषा मान्यता दिवस समारोहमा सहभागिता :** गत २० आगस्ट २०२६ का दिन दक्षिण-पूर्व गुवाहाटी भानु जयन्ती समारोह समिति, २०२६ को आयोजनामा बिरकुचीस्थित ए. टी. होली होममा ३५औँ नेपाली भाषा मान्यता दिवसका अवसरमा साहित्यिक, सांस्कृतिक तथा सम्मान समारोह सम्पन्न भयो। दीप प्रज्वलन, सहिद तर्पण, तोरण विमोचन, आमसभा, नेपाली भाषा विषयक बहुभाषिक साहित्य परिचर्चा, सांस्कृतिक कार्यक्रम तथा मेधावी विद्यार्थी सम्मानलगायतका कार्यक्रम सम्पन्न भए। उक्त समारोहमा कामरूप जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूको गरिमामय उपस्थिति र सक्रिय सहभागिता रह्यो।

**१३. गुवाहाटी विश्वविद्यालयमा साहित्य चर्चा, कवि गोष्ठी तथा 'सन्ध्यादीप' प्रज्वलन :** २० आगस्ट २०२६ का दिन बेलुका असम नेपाली साहित्य सभा, गुवाहाटी विश्वविद्यालय शाखा, बृहत्तर गुवाहाटी गोर्खाली छात्र परिवार तथा अखिल असम

गोर्खा छात्र सङ्घ, गुवाहाटी विश्वविद्यालय इकाइको संयुक्त तत्त्वावधानमा छात्र विश्राम कक्ष, गुवाहाटी विश्वविद्यालय प्राङ्गणमा साहित्य चर्चा, कवि गोष्ठी तथा 'सन्ध्यादीप' प्रज्वलन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा करिब ६० जना विद्यार्थी तथा १० जना युवा कविहरूको उत्साहपूर्ण सहभागिता रहेको थियो। युवा कविहरूले कविता वाचन गर्दै नेपाली भाषाप्रतिको प्रेम र श्रद्धा व्यक्त गरे। असम नेपाली साहित्य सभा, कामरूप जिल्ला समितिकी मूल सचिव श्रीमती तृष्णा देवीज्यूले जिल्ला प्रतिनिधिका रूपमा उपस्थित भई नेपाली भाषा मान्यताको महत्त्वबारे विद्यार्थीहरूमा सकारात्मक चेतना जगाउने प्रयास गर्नुभयो। विद्यार्थी तथा युवा कविहरूको उत्साहपूर्ण सहभागिताले कार्यक्रमलाई थप अर्थपूर्ण बनायो।

उल्लेखित अवधिमा असम नेपाली साहित्य सभा, कामरूप जिल्ला समितिले नेपाली भाषा, साहित्य तथा संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धनलाई केन्द्रमा राखौ आफ्ना कार्यक्रमहरू सञ्चालन गर्नुका साथै विभिन्न सङ्घ –संस्थाका साहित्यिक, सांस्कृतिक, सामाजिक तथा सम्मान समारोहहरूमा सक्रिय सहभागिता जनाएको छ। साहित्यकार तथा स्रष्टाको सम्मान, नयाँ पुस्तामा नेपाली भाषाप्रतिको चेतना अभिवृद्धि, साहित्यिक गतिविधिको विस्तार तथा विभिन्न संस्था र शाखासँगको सहकार्यलाई निरन्तरता दिइएको छ। यस अवधिका गतिविधिहरूले कामरूप जिल्लामा नेपाली भाषा, साहित्य तथा संस्कृतिप्रतिको सक्रियता र संस्थागत एकतालाई अझ सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

***

## असम नेपाली साहित्य सभाको आधिकारिक वेब विमोचनको तस्बिर



## महासचिवको तत्परतामा
## बैङ्लुरूमा असम नेपाली साहित्य सभाको शाखा गठन
## मूल सचिव : पङ्कज उपाध्याय

**बैङ्लुरू, १ अगस्त, २०२६ :** असम नेपाली साहित्य सभा केन्द्रीय समितिको पहल तथा बैङ्लुरू निवासी समाजसेवी सञ्जय थपलिया र पङ्कज उपाध्यायको आह्वानमा आज माराथाहालीस्थित सिटरास होटलमा एक साधारण सभा सम्पन्न भयो। बैङ्लुरूमा बसोबास गर्ने नेपालीभाषी समुदायबिच भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित उक्त सभामा करिब ३५ जना भाषा–साहित्यप्रेमीहरूको सहभागिता रहेको थियो।

सभामा असम नेपाली साहित्य सभाका केन्द्रीय महासचिव तिलक शर्माले संस्थाको इतिहास, उद्देश्य, गतिविधि र भावी योजनाबारे विस्तृत जानकारी दिनुभयो। उहाँले असम नेपाली साहित्य सभाले विगत पाँच दशकदेखि नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा विकासमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो। उहाँले सबैलाई संस्थासँग आबद्ध भएर भाषा र संस्कृतिको सेवामा योगदान दिन पनि आग्रह गर्नुभयो।

कार्यक्रमको सञ्चालन होमनाथ शर्मा र कमल शर्माले गर्नुभएको थियो। संयोजक पङ्कज उपाध्यायले अतिथिहरूलाई स्वागत गर्नुभयो भने सञ्जय थपलियाले स्वागत मन्तव्य राख्दै बैडलुरूमा शाखा गठनको आवश्यकता औँल्याउनुभयो।

छलफलपछि सभाले सर्वसम्मत रूपमा असम नेपाली साहित्य सभा, बैडलुरू शाखा गठन गर्ने निर्णय गऱ्यो। नवगठित शाखाको सभापतिमा सञ्जय थपलिया, कार्यकारी सभापतिमा प्रशान्त शर्मा र मूल सचिवमा पङ्कज उपाध्याय चयन हुनुभयो। साथै, दीपक क्षेत्रीलाई असम नेपाली साहित्य सभाको केन्द्रीय सदस्यका रूपमा मनोनयन गरिएको जानकारी पनि दिइयो।

सहभागीहरूले बैडलुरूमा असम नेपाली साहित्य सभाको शाखा गठन हुनु नेपाली भाषा, साहित्य र संस्कृतिको विकासका लागि महत्त्वपूर्ण कदम भएको बताए। उनीहरूले संस्थाको गतिविधिमा सक्रिय रूपमा सहभागी हुने प्रतिबद्धता पनि व्यक्त गरे।

सभाले आगामी वर्षको राष्ट्रिय भानु जयन्ती केन्द्रीयस्तरमा बैडलुरूमा आयोजना गर्न केन्द्रीय समितिसमक्ष प्रस्ताव पठाउने निर्णयसमेत गरेको छ।

बैडलुरू शाखाको गठनसँगै दक्षिण भारतमा असम नेपाली साहित्य सभाको सङ्गठन विस्तारले नयाँ गति लिएको छ। यसबाट बैडलुरू र आसपासका नेपालीभाषी समुदायलाई एकताबद्ध गर्दै भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा थप सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

***

# ३५औँ नेपाली भाषा मान्यता दिवस समारोह तथा कवि गोष्ठीको प्रतिवेदन

**प्रतिवेदक : थानेश्वर शर्मा – मूल सचिव**
**मार्घेरिटा जिल्ला समिति**

असम नेपाली साहित्य सभा, अनेसास केन्द्र समिति साथै मार्घेरिटा जिल्ला समितिको सहयोगमा तथा श्रीश्रीनेपाली विष्णु मन्दिर समिति, डिगबोईको संयुक्त आयोजनामा ३५औँ नेपाली भाषा मान्यता दिवस समारोह श्रीश्रीनेपाली विष्णु मन्दिर समिति, डिगबोईको सभागारमा भव्य एवम् साहित्यिक वातावरणमा सम्पन्न भयो। समारोहमा नेपाली भाषा, साहित्य, संस्कृति र सामाजिक एकताको भावलाई विशेष महत्त्व दिइएको थियो।

कार्यक्रममा 'नेपाली माध्यमिक शब्दकोश'को लोकार्पण विशेष आकर्षणको रूपमा रहेको थियो। उक्त शब्दकोशका सम्पादक युद्धवीर राणा सर हुनुहुन्छ भने यसको लोकार्पण टीकाराम छेत्री, कृती शिक्षकज्यूबाट सम्पन्न भयो।

कार्यक्रममा डा. कृष्ण उपाध्याय, केन्द्रीय सदस्य, अनेसास; उपसभापति लोकनाथ नेवारज्यू प्रमुख अतिथिका रूपमा; खेमप्रसाद उपाध्याय, केन्द्रीय सदस्य; थानेश्वर शर्मा, मूल सचिव, मार्घेरिटा जिल्ला अनेसास; दिवाकर शर्मा, सचिव, श्रीश्रीनेपाली विष्णु मन्दिर समिति, डिगबोईलगायत साहित्यप्रेमी, समाजसेवी तथा विभिन्न सङ्घ–संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

समारोहमा नेपाली भाषा आन्दोलनका अग्रज तथा दिवङ्गत साहित्यिक व्यक्तित्वहरूको सम्झनामा स्मृति तर्पण कार्यक्रम पनि आयोजना गरियो, तर्पक थानेश्वर शर्मा, मूल सचिव – अनेसास माटघेरिता जिल्ला अनेसास एवं दिवाकर शर्मा – मूल सचिव श्रीश्रीनेपाली विष्णु मन्दिर समिति, दिपक प्रज्ज्वलन अनेसास मार्घेरिटा जिल्ला अध्यक्ष जुन प्रधानज्यू तथा डिगबोई नारी कल्याण समितिकी सचिव राधा उपाध्यायज्यू लगायत विभिन्न टोलीका प्रतिनिधिहरूबाट सम्पन्न भयो।

समारोहलाई सांस्कृतिक रूपमा पनि समृद्ध बनाइएको थियो। हिरालाल शर्माज्यूद्वारा रचित कोरस गीत प्रस्तुत गरियो। सांस्कृतिक सचिवको संयोजनमा आधुनिक गीत लक्ष्मण सोनारज्यूले प्रस्तुत गर्नुभयो। भारतीय गोर्खा परिसङ्घ, तिनसुकिया जिल्ला समितिका अध्यक्ष मदन गुरुङ इन्द्र भट्टराई तथा एजीएसयू आञ्चलिक अध्यक्ष रामु नेवारलगायतका टोलीहरूको सहभागिताले कार्यक्रमलाई थप आकर्षक बनायो। डा. कृपाप्रसाद उपाध्याय, प्राचार्य, लेडु महाविद्यालयको समेत कार्यक्रममा गरिमामय उपस्थिति रहेको थियो। बाल कलाकार हार्दिक शर्माले प्रस्तुत गरेको गीतले उपस्थित दर्शकहरूको विशेष ध्यान आकर्षित गऱ्यो।

श्रीश्रीनेपाली विष्णु मन्दिर समितिका अध्यक्ष नारायण जैसीज्यूको अध्यक्षतामा सम्पन्न समारोहमा नेपाली भाषा र साहित्यको संरक्षण तथा प्रवर्द्धनका लागि सबैले एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिइयो।

यस अवसरमा कवि तथा साहित्यकार रत्नबहादुर छेत्रीद्वारा लिखित पुस्तक 'सङ्घर्षका गोरेटाहरू' को पनि लोकार्पण गरियो। उक्त कृतिको लोकार्पण श्रीश्रीनेपाली विष्णु मन्दिर समितिका अध्यक्ष नारायण जैसीज्यूबाट सम्पन्न भयो। पुस्तकले नेपाली साहित्यमा सङ्घर्ष, अनुभव र जीवनका विविध पक्षलाई प्रस्तुत गरेको छ।

कार्यक्रमको अर्को महत्त्वपूर्ण आकर्षण कवि गोष्ठी थियो। कवि गोष्ठीको सञ्चालन डिगबोई कलेजका पूर्व नेपाली भाषा प्राध्यापक तथा वरिष्ठ साहित्यकार देवीचरण सेढाईज्यूले अत्यन्त प्रभावकारी ढङ्गले गर्नुभयो। कवि गोष्ठीमा निम्न कवि तथा साहित्यकारहरूले आफ्ना रचना प्रस्तुत गर्नुभयो—

कृपाप्रसाद उपाध्याय, थानेश्वर शर्मा, जुन प्रधान, हिरालाल शर्मा, खीरबहादुर छेत्री, मदन गुरुङ सुदर्शन शर्मा, प्रेम श्रेष्ठ, विप्लव शर्मा, दुर्गा शर्मा, खेमप्रसाद उपाध्याय, शिव उपाध्याय, नवीन अर्याल (सचिव, डिगबोई शाखा), रत्नबहादुर छेत्री तथा देवीमाया सापकोटा एवम् प्रचार सचिव उपेन्द्र क्षेत्रीज्यू सबै कवि तथा साहित्यकारका रचनाले नेपाली भाषा, साहित्य, संस्कृति, समाज र समसामयिक विषयलाई समेट्दै उपस्थित साहित्यप्रेमीहरूलाई मन्त्रमुग्ध बनाएको थियो।

समग्रमा, ३५औँ नेपाली भाषा मान्यता दिवस समारोह नेपाली भाषा र साहित्यप्रतिको सामूहिक प्रतिबद्धता, सांस्कृतिक चेतना र साहित्यिक एकताको उत्कृष्ट उदाहरणका रूपमा सम्पन्न भयो। नेपाली भाषाको संरक्षण, संवर्धन र भावी पुस्तासम्म यसको गौरवपूर्ण परम्परा हस्तान्तरण गर्न यस्ता कार्यक्रमहरूले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरियो।

***

## विशेष कृतज्ञता ज्ञापन



असम नेपाली साहित्य सभाको आग्रह स्वीकार गरी विशिष्ट साहित्यक, अकादमी पुरस्कार प्रापक युद्धवीर राणाद्वारा सम्पादित 'माध्यमिक नेपाली शब्दकोश'को प्रकाशनका लागि आर्थिक सयोग प्रदान गर्नुहुने दाता सदस्य श्रीमान् सुखदेव तिवारीज्यूप्रति विशेष कृतज्ञता ज्ञापन गरिन्छ।

**महासचिव, अनेसास**

# असम नेपाली साहित्य सभाको ऐतिहासिक उपलब्धि

## २१२ औँ राष्ट्रस्तरीय भानु जयन्ती समारोहमा 'माध्यमिक नेपाली शब्दको'को विमोचन

**महासचिव : तिलक शर्मा**

**सोरेङ( सिक्किम ), १३ जुलाई** : असम नेपाली साहित्य सभाले नेपाली भाषा–साहित्यको इतिहासमा अर्को महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। सिक्किम सरकारद्वारा आयोजित २१२औँ राष्ट्रस्तरीय भानु जयन्ती समारोहमा अनेसासद्वारा संस्थागत रूपमा प्रकाशित माध्यमिक नेपाली शब्दकोशको सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोले)को करकमलबाट भव्य रूपमा औपचारिक विमोचन सम्पन्न भयो। यस ऐतिहासिक अवसरले असम नेपाली साहित्य सभाको भाषा, साहित्य तथा शिक्षाप्रतिको समर्पणलाई राष्ट्रियस्तरमा थप प्रतिष्ठित बनाएको छ।

विमोचन समारोहमा अनेसासको तर्फबाट सभापति डा. चिन्तामणि शर्मा, महासचिव तथा शब्दकोष प्रकाशनका प्रमुख दाता श्री सुखदेव तिवारीको उपस्थिति रहेको थियो। समारोहका उद्घोषकले यस शब्दकोषलाई असम नेपाली साहित्य सभाको गौरवपूर्ण उपलब्धिका रूपमा उल्लेख गर्दै नेपाली भाषाको मानकीकरण, अध्ययन–अध्यापन तथा अनुसन्धानका क्षेत्रमा यसले दीर्घकालीन योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

विद्यालय तहका विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता तथा नेपाली भाषाप्रेमीहरूलाई लक्षित गरी प्रकाशित 'माध्यमिक नेपाली शब्दकोश' नेपाली भाषाको अध्ययन–अध्यापनलाई अझ व्यवस्थित, सहज र प्रभावकारी बनाउन महत्त्वपूर्ण सहयोगी हुने अपेक्षा गरिएको छ।

यस शब्दकोशका मूल सर्जक सन् २०२३ का साहित्य अकादमी पुरस्कार विजेता युद्धवीर राणा हुनुहुन्छ। उहाँले करिब तीन दशकको अथक साधना, अध्ययन र अनुसन्धानपछि यसको पाण्डुलिपि तयार पार्नुभएको थियो। उक्त पाण्डुलिपिबारे जानकारी प्राप्त भएपछि असम नेपाली साहित्य सभाको वर्तमान केन्द्रीय नेतृत्वले यसलाई संस्थागत रूपमा प्रकाशन गर्ने ऐतिहासिक निर्णय गरेको थियो। त्यसपछि विभिन्न प्राज्ञ, भाषाविज्ञ तथा विषयविज्ञहरूबाट पाण्डुलिपिको सूक्ष्म परीक्षण, परिमार्जन र आवश्यक सुझावहरू समेटी शब्दकोशलाई अन्तिम रूप दिई प्रकाशित गरिएको हो।

असम नेपाली साहित्य सभाको विशेष पहल र अनुरोधमा सिक्किम सरकारद्वारा आयोजित यस राष्ट्रिय समारोहमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ (गोले)को करकमलबाट शब्दकोशको विमोचन हुनु सभाका लागि अत्यन्त गौरवको विषय बनेको छ। यस उपलब्धिले असम नेपाली साहित्य सभाको संस्थागत प्रकाशनलाई राष्ट्रिय मञ्चमा स्थापित गर्नुका साथै भारतीय नेपाली भाषा–साहित्यको समृद्धि, विकास र मानकीकरणमा सभाले निर्वाह गरिरहेको सशक्त भूमिकालाई समेत उजागर गरेको छ।

यसै अवसरमा नेपाली भाषा, साहित्य तथा संस्कृतिको संरक्षण, संवर्द्धन र विकासका क्षेत्रमा विगत पाँच दशकदेखि असम नेपाली साहित्य सभाले पुऱ्याउँदै आएको उल्लेखनीय योगदानको उच्च

मूल्याङ्कन गर्दै सिक्किम सरकारद्वारा सभालाई संस्थागत रूपमा प्रशस्तिपत्र प्रदान गरियो। साथै सभाका सभापति डा. चिन्तामणि शर्मा र महासचिव लाई थुङ्गे फुलको माला, मायाको चिनो स्वरुप स्मारक प्रदान गरी विशेष सम्मान गरियो।

असम नेपाली साहित्य सभाका तर्फबाट सिक्किमका माननीय मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ (गोले)लाई फुलबुट्टे गाम्छा, परम्परागत जापी, सभाद्वारा प्रकाशित भित्ते पात्रो तथा स्वर्णजयन्ती समापन समारोहमा प्रकाशित स्मारिका 'स्वर्ण यात्रा' प्रदान गरी सम्मान गरिएको थियो।

यो ऐतिहासिक उपलब्धिले असम नेपाली साहित्य सभाको संस्थागत यात्रामा अर्को गौरवपूर्ण अध्याय थपेको छ। यसले भारतीय नेपाली भाषा-साहित्यको उन्नयन, शब्दसम्पदाको संरक्षण तथा भावी पुस्ताका लागि उपयोगी शैक्षिक सामग्री निर्माणमा सभाको प्रतिबद्धतालाई अझ सुदृढ रूपमा स्थापित गरेको छ। ***

---

## ३० जुनदेखि ०३ जुलाई, २०२६ सम्मको संस्थागत भ्रमण तथा सहभागिताको संक्षिप्त विवरण

**महासचिव : तिलक शर्मा**

गत ३० जुन, २०२६ मा आदरणीय सभापति डा. चिन्तामणि शर्मा र उपसभापति श्री लीला निरोलासँग गुवाहाटीको आमबारीस्थित असम साहित्य सभाको भवनमा पुग्ने अवसर प्राप्त भयो। असम साहित्य सभाको आयोजना तथा अनेसासको सहकार्यमा सम्पन्न कार्यक्रममा अनेसासकी कार्यकारी सभापति, विशिष्ट साहित्यकार डा. इन्दुप्रभा देवीलाई असम साहित्य सभाद्वारा 'वासुदेव जालान सम्मान' प्रदान गरियो। यो सम्मान सम्पूर्ण नेपाली साहित्यप्रेमी र अनेसास परिवारका लागि गर्वको कुरा हो।

उक्त कार्यक्रममा हामीसँगै सल्लाहकार श्री दुर्गा खतिवडा, केन्द्रीय सदस्य श्री जनकराज उपाध्याय, अनेसास कामरूप जिल्ला समितिका सभापति श्री डी. एन. शर्मा तथा अनेसास कामरूप जिल्ला महिला मञ्चकी सभापति श्रीमती लक्ष्मी सुवेदीको पनि सहभागिता रहेको थियो। अनेसास कामरूप जिल्ला समितिकी मूल सचिव श्रीमती तृष्णा देवीले जिल्ला समितिको सक्रिय सहभागिता सुनिश्चित गर्नुका साथै दुईवटा नृत्य र एउटा गीतको सांस्कृतिक प्रस्तुति गराई कार्यक्रमलाई थप आकर्षक बनाएकी थिइन्। साथै, मञ्च व्यवस्थापन र सम्मान कार्यक्रमलाई सफल बनाउन उहाँको उल्लेखनीय योगदान रहेको थियो।

त्यसै दिन सल्लाहकार श्री दुर्गा खतिवडाको आग्रह र आतिथ्य स्वीकार गरी उहाँकै निवासमा बसियो। भोलिपल्ट अनेसासका पूर्व सभापति श्री नवसापकोटा र उहाँकी धर्मपत्नी श्रीमती मुन्नी सापकोटाको स्वास्थ्य अवस्था बुझ्न उहाँहरूको निवासमा पुगेर भलाकुसारी गरियो।

त्यसपछि संस्थाको बैङ्कसम्बन्धी आवश्यक कार्य सम्पन्न गरी बाक्सा जिल्लाअन्तर्गत निकासी पुगियो। त्यहाँ अनेसासका पूर्व उपसभापति एवम् वर्तमान संयोजक श्री कालीप्रसाद भुसाल तथा पूर्व शिक्षा सल्लाहकार श्री सोमनाथ पराजुलीको स्वास्थ्य अवस्थाबारे जानकारी लिई उहाँहरूसँग भेटघाट गरियो।

निकासीमै करिब दुई महिनाअघि लडेर खुट्टा भाँचिई उपचाररत रहनुभएका सांस्कृतिककर्मी श्री राम राईको निवासमा पुगेर स्वास्थ्य अवस्थाको जानकारी लिइयो। उहाँलाई उपचारमा सहयोग पुगोस् भन्ने उद्देश्यले अनेसासका तर्फबाट रु. २०,०००.०० आर्थिक सहयोग गर्ने निर्णय पनि गरियो। स्मरणीय छ, उपचारकै क्रममा रहँदा उहाँले आफ्नी आमाको निधनको पीडासमेत सहनुपरेको थियो।

त्यसपछि करिब २० किलोमिटर टाढा खैरनी पुगेर अनेसास बाक्सा जिल्ला समितिका मूल सचिव श्री मोहन भट्टराईको निवासमा गई उहाँका पिता स्वर्गीय ज्ञान भट्टराईप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक समवेदना व्यक्त गरियो। यस अवसरमा अनेसासका उपसभापति श्रीमती जयन्तीकला देवी, बाक्सा जिल्ला समिति, जिल्ला महिला मञ्च, निकासी शाखा समिति तथा खैरेनी शाखा समितिका पदाधिकारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सोही दिन बिटिसी क्षेत्रीय समितिका मूल सचिव श्री ओमप्रकाश शर्माको आतिथ्यमा मुसलपुरमा रह्यो। भोलिपल्ट ९२औँ युगकवि हरिभक्त कटुवाल जयन्तीको केन्द्रीय कार्यक्रममा सहभागी हुन तामुलपुर जिल्लाको भोलाझार पुगियो।

अनेसास केन्द्रीय समितिको आयोजना तथा बिटिसी क्षेत्रीय समिति, तामुलपुर जिल्ला समिति र भोलाझार–उपरखुटी शाखा समितिको सहकार्यमा सम्पन्न उक्त कार्यक्रममा आमसभाको अध्यक्षता अनेसासका सभापति डा. चिन्तामणि शर्माले गर्नुभएको थियो भने उद्घाटन उपसभापति श्री लीला निरोलाले गर्नुभएको थियो। प्रमुख वक्ताका रूपमा अनेसासका पूर्व उपसभापति तथा बङ्गाइगाउँ विश्वविद्यालयका परीक्षा नियन्त्रक प्रा. भवानी शर्माको प्रेरणादायी मन्तव्य रहेको थियो।

कार्यक्रममा उपसभापति श्रीमती जयन्ती कला देवी, सांस्कृतिक सचिव श्री पृथ्वी विलास भट्टराई, बिटिसी क्षेत्रीय समितिका सभापति श्री भीष्म उपाध्याय, केन्द्रीय सदस्यहरू तथा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कटुवाल जयन्ती कार्यक्रम सम्पन्न भएपछि हामी उदालगुडी पुग्यौँ र बिटिसी क्षेत्रीय समितिका सचिव श्री चन्द्रिका शर्माको आतिथ्य ग्रहण गरी भोलिपल्ट घर फर्कियौँ।

यद्यपि, ३ जुलाई, २०२६ का दिन सम्पन्न बिटिसी क्षेत्रीय समितिको खुल्ला सभामा उपस्थित हुन नसकिएकोमा भने केही दु:खको अनुभूति रह्यो।



# लखिमपुर जिल्ला समितिको
# गतिविधि तथा साहित्यिक – सांस्कृतिक कार्यक्रम

### मूल सचिव : लखिमपुर जिल्ला समिति

२०२६ जनवरी ४ मा उदालगुडीमा सम्पन्न प्रथम वर्षको प्रतिनिधि साधारण सभा पश्चात् हाम्रो जिल्ला समितिले सङ्गठनात्मक गतिविधिलाई थप सक्रिय, व्यवस्थित र प्रभावकारी बनाउँदै विभिन्न सामाजिक, साहित्यिक तथा सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। उक्त प्रतिनिधि सम्मेलनमा जिल्ला समितिका मूल सचिव, उपाध्यक्ष, कोषाध्यक्षलगायत अन्य कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूसहित १५ जनाभन्दा बढी प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो। साधारण सभाले सङ्गठनलाई थप सुदृढ बनाउँदै आगामी दिनमा समुदायको हित, भाषा, साहित्य, संस्कृति र सामाजिक एकताका लागि निरन्तर काम गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो।

यसै क्रममा २०२६ जुलाई, ३ दिनाङ्कमा रामपुरको  एक्स मिलिटरी गाउँमा हाम्रो जिल्ला समितिको आयोजनामा तथा रामपुर किमिन शाखाको सहयोगमा नेपाली साहित्यका महान् प्रतिभा, प्रख्यात कवि, गीतकार तथा कथाकार स्वर्गीय हरिभक्त कटुवालको ८२औँ जन्मजयन्ती श्रद्धा, सम्मान र साहित्यिक उत्साहका साथ मनाइयो।

कार्यक्रममा ७४ नं. रङ्गानदी विधानसभा क्षेत्रका प्रथम विधायक सम्माननीय ऋषिराज हाजरिकाज्यू (MLA) को गरिमामय उपस्थिति रहेको थियो। उहाँको उपस्थितिले कार्यक्रमलाई थप गौरवपूर्ण र प्रेरणादायी बनाएको थियो। कार्यक्रममा साहित्य, सङ्गीत र सिर्जनाका क्षेत्रमा विशेष योगदान पुऱ्याउँदै आउनुभएका धेरै प्रतिभाका धनी वरिष्ठ गायक, कवि, लेखक तथा सङ्गीतकार सम्माननीय नरबहादुर दर्जीज्यूलाई विशेष वक्ताका रूपमा आमन्त्रण गरिएको थियो।

आफ्नो प्रेरणादायी मन्तव्यका क्रममा नरबहादुर दर्जीज्यूले स्वर्गीय हरिभक्त कटुवालको साहित्यिक योगदान, नेपाली भाषा–साहित्यको संरक्षण तथा नयाँ पुस्तामा साहित्यप्रतिको रुचि वृद्धि गर्नुपर्ने आवश्यकतामाथि महत्वपूर्ण विचारहरू प्रस्तुत गर्नुभयो। उहाँका जीवनोपयोगी तथा प्रेरणादायी विचारहरूले उपस्थित साहित्यप्रेमी, युवा तथा समुदायका सदस्यहरूलाई उत्साहित र अभिप्रेरित बनाएको थियो। उहाँले साहित्य केवल मनोरञ्जनको माध्यम नभई समाजको चेतना, पहिचान र संस्कृतिको संरक्षण गर्ने महत्वपूर्ण माध्यम भएको धारणा व्यक्त गर्नुभयो।

कटुवाल जन्म जयन्तीको सुअवसरमा साहित्य प्रतियोगिता र नृत्य प्रतियोगिता पनि आयोजना गरिएको थियो। प्रतियोगितामा विशेष गरी छात्र–छात्राको सहभागिता अति उत्साहवर्द्धक थियो।

स्वर्गीय हरिभक्त कटुवालको जन्मजयन्ती मनाउनु केवल एक महान् स्रष्टाको स्मरण गर्नु मात्र नभई उहाँले नेपाली साहित्यमा पुऱ्याउनुभएको अमूल्य योगदानप्रति सम्मान प्रकट गर्नु तथा नयाँ पुस्तालाई उहाँको साहित्यिक जीवन र सिर्जनाबाट प्रेरणा दिलाउनु पनि हो।

यस कार्यक्रमले हाम्रो जिल्ला समितिको साहित्य, भाषा, संस्कृति र समुदायप्रतिको

प्रतिबद्धतालाई थप मजबुत बनाएको छ। आगामी दिनहरूमा पनि यस्ता साहित्यिक तथा सांस्कृतिक कार्यक्रमहरूलाई निरन्तरता दिँदै नयाँ पुस्तालाई आफ्नो भाषा, साहित्य, संस्कृति र मौलिक पहिचानसँग जोड्ने कार्यमा समिति सक्रिय रहने विश्वास व्यक्त गर्दछौं।

समग्रमा, स्वर्गीय हरिभक्त कटुवालको ८२औँ जन्मजयन्ती समारोह श्रद्धा, साहित्यिक चेतना, सांस्कृतिक एकता र प्रेरणादायी विचारको संगमका रूपमा सफलतापूर्वक सम्पन्न भयो। कार्यक्रमको सफलताले जिल्ला समिति, शाखा तथा सम्पूर्ण साहित्यप्रेमी समुदायबीचको सहकार्य र एकतालाई अझ प्रगाढ बनाएको छ। ***

---

# चिराङ् जिल्ला समितिको प्रतिवेदन

**मूल सचिव : घनश्याम निरोला**

२० आगस्ट, २०२६ (बिहिबार)का दिन ३५औँ नेपाली भाषा मान्यता दिवस समारोह, मालिभिता (शोभापुर) कम्युनिटी हल परिसरमा असम नेपाली साहित्य सभा, चिराङ जिल्ला समितिको उद्योग तथा मालिभिता शाखा समितिको सहयोगमा एक दिवसीय कार्यक्रमको भव्य रूपमा समापन हुन्छ। बिहान ९ बजे झण्डोत्तोलन गर्नुहुन्छ अनेसास, चिराङ जिल्ला समितिका सभापति दुलबहादुर छेत्रीज्यूले। त्यसै गरी स्मृति तर्पण गर्नुहुन्छ जिल्ला मूल सचिव घनश्याम निरोलाज्यूले। यस पश्चात् वृक्ष रोपण गर्नुहुन्छ आग्सु चिराङ जिल्ला, सभापति कृष्ण सुवेदी र उहाँका सहयोगीहरूले। सांस्कृतिक शोभायात्रा उद्घाटन गर्नुहुन्छ खेमराज कार्कीज्यूले। यस पश्चात् साहित्य गोष्ठी सञ्चालन गर्नुहुन्छ हृषिकेश अधिकारी, कृष्ण पौडेल र महेश सुवेदीज्यूले। समीक्षकद्वय हुनुहुन्थ्यो छबिलाल निरौला र प्रसादचन्द्र निरौला। यस पश्चात् आमसभा दिउँसो एक बजे सुरु हुन्छ। सभापति दुलबहादुर छेत्री ज्यूको आसन ग्रहणपछि सबै अतिथिहरूलाई मञ्चमा निम्त्याई कार्यकारी सभापति राजेन शर्माज्यूले अतिथि परिचय गराउनु हुन्छ। यस पश्चात् मञ्च उद्घाटन गर्नुहुन्छ गोविन्द शाण्डिल्यज्यूले। स्वागत भाषण राख्नुहुन्छ, स्वागतकरिणी समितिका सभापति ताराकुमार सुवेदीज्यूले। निर्दिष्ट वक्त भवानीप्रसाद शर्मा, मूख्य अतिथि डम्बर मणि प्रधान, विशिष्ट अतिथि भीष्मप्रसाद उपाध्याय , क्षेत्रीय समिति, सभापति अनेसास, तिलक ओली, राम उपाध्यय, क्षेत्रीय समिति सह सम्पादक, कमल चम्लागाई, दिनेश सुवेदी, देवप्रसाद अधिकारी, गोविन्द शाण्डिल्य, दामोदर दाहाल, उत्तम प्रधान आदिहरूले आफ्नोआफ्नो ओजस्वी भाषण राख्नुहुन्छ। सम्मानीय अतिथिहरूमा असम गोर्खा सम्मेलन जिल्ला मूल सचिव र पूर्णिमा छेत्री,वीणा भारती, ओमकार सुवेदी, केशव बस्नेत, रोहित भुजेल, छबिलाल निरौला र अरू धेरै शिक्षक, समाजसेवी, भाषाप्रेमी, शुभचिन्तकहरूको बाक्लो उपस्थिति रहेर श्रृङ्खलाबद्ध, नियम माफिक एक भव्य सभ्य समारोह समापन हुन्छ। गोविन्द शाण्डिल्य र कमलनाथ शर्माज्यूका दुइटा पुस्तक लोकार्पण पनि गरिन्छ। ताराकुमार सुवेदीज्यूलाई जिल्ला समितिबाट अभिनन्दन गरिन्छ।

***

# असम नेपाली साहित्य सभा, ओदालगुडी जिल्ला समितिको प्रतिवेदन
## मूल सचिव : दीपेन्द्र उपाध्याय

२० आगस्ट, २०२६ का दिन बिहीवार अनेसास ओदालगुडी जिल्ला समितिको आयोजनमा जिल्ला समितिको कार्यालय, तारापति उपाध्याय भवनमा भाषा मान्यता दिवस भव्यताका साथ पालन गरिन्छ। उक्त कार्यक्रममा सभापतित्व गर्नुहुन्छ अनेसास ओदालगुडी जिल्ला समितिका सभापति तिलबहादुर रेग्मीज्यूले र कार्यक्रममा उपस्थितहुने साहित्यकार, विशिष्ट अतिथिहरूलाई परिचय तथा संवर्धना गरिन्छ। त्यसपछि नै भाषा मान्यताको इतिहासमाअहम् भूमिका निभाउनु हुने व्यक्ति तथा सङ्गठनहरूको इतिहास विस्तारपूर्वक वर्णन गर्नुहुन्छ साहित्य अकादमी पुरस्कार प्रापक विशिष्ट साहित्यकार पुष्पधर शर्मा बास्तोज्यूले। उक्त वक्तव्यपछि अहिमान कार्की कृती विद्यार्थी पुरस्कारबारे दुई कुरा राख्नुहुन्छ अनेसासका साहित्य सचिव लक्ष्मण अधिकारीज्यूले। यसपछि अहिमान कार्की कृती विद्यार्थी पुरस्कार प्रदान कार्यक्रम सञ्चालन गर्नुहुन्छ जिल्ला समितिका उपसभापति मोहन रावतज्यूले र अहिमान कार्कीका परिवारबाट उपस्थित भएर सहयोग गर्नुहुन्छ यादवमोहन कार्की र अधिवक्ता विपुलकुमार कार्कीज्यूले।

नेपाली विषयमा १० कक्षामा असम भरिमै सर्वोच्च नम्बर प्राप्त गर्ने बान्दरगुडी हाई स्कुलकी छात्रा प्रतिमा कार्की, र गोल्मागाउँ हाई स्कुलकी विद्यार्थी अदिती देवी एवम् १२ कक्षामा नेपाली विषयमा जिल्लाभरिमा सर्वाधिक नम्बर प्राप्त गर्नुहुने ओदालगुडी पी एमश्री उच्चतर माध्यमिक विद्यालयका विद्यार्थी मानस अधिकारी र द्वितीय हुने सोही विद्यालयकी विद्यार्थी धनुषा लिम्बू र दण्ड सहरीया उच्चस्तर विद्यालयका विद्यार्थी महेश छेत्रीज्यूलाई पुरस्कार प्रदान गरिन्छ। यस सभामा उपस्थित भएर सहायता गर्नुहुने विशिष्ट साहित्यकार राष्ट्रपति पुरस्कार प्रापक कृती शिक्षक विद्यापति दाहाल, गोर्खा समाज केन्द्रीय समितिका मूल सचिव दिपक निरौला, सभापति गीता देवी, कर्मचारी परिषद ओदालगुडी जिल्ला समितिका सल्लाहकार शान्तिराम शर्मा, अगोस जिल्ला समितिका सभापति पवन लुइटेल, दमाई युवा समाज केन्द्रीय समितिका सल्लाहकार खड्ग शिवा र केन्द्रीय समितिका सभापति मोहनकुमार रनपहेली, भागोप ओदालगुडी जिला समितिका खड्ग प्रसाद शर्मा, अनेसास केन्द्रीय समितिका सदस्य रेवती रमण सापकोटा, जिला समितिका कार्यकारी सभापति हरि खनाल, उप सभापतिवृन्द, महिला मञ्चकी मूल सचिव रेणुका सापकोटा, ओदालगुडी शाखा समितिकी सभानेत्री दुलुमणि उपाध्याय, मूल सचिव कुशल पोख्रेल, रौता शाखा समितिका सभापति अभय पौडेल, बान्दरगुडी शाखा समितिका सभापति हेमकान्त उपाध्याय एवम् जिल्ला समितिका, महिला मञ्चका, शाखा समितिका कर्मकर्ता, साहित्य र भाषा अनुरागी शुभचिन्तकहरूको बाक्लो उपस्थितिले गरिमामय बनाएको थियो।

***

# अनेसास महासचिवको आह्वान
# राष्ट्रिय जनगणनाका सन्दर्भमा हाम्रो धारणा

अहिले राष्ट्रिय जनगणनालाई लिएर हाम्रा मानिसहरूमा व्यापक सचेतनता देखिएको छ। कतिपय क्षेत्रमा त आवश्यकताभन्दा पनि बढी चासो र सचेतना व्यक्त गर्नेहरू समेत देखिएका छन्। तर, यसको पहिलो चरणमै हामीले सोच्नुपर्ने विषय उठ्ने अवस्था छैन। यसका लागि हामीसँग पर्याप्त समय अझै बाँकी छ। त्यसैले अहिले नै हतारमा कुनै निष्कर्षमा पुग्नुभन्दा विषयलाई गम्भीरतापूर्वक बुझेर, आवश्यक अध्ययन र परामर्शका साथ अघि बढ्नु उचित हुनेछ।

असमभरिका विभिन्न जिल्ला समितिका पदाधिकारी तथा व्यक्तिहरूले टेलिफोनमार्फत विभिन्न परामर्श र जिज्ञासाहरू राखिरहनुभएको छ। कतिपय व्यक्तिहरूले सामाजिक सञ्जालमार्फत आफ्ना धारणा तथा सुझावहरूसमेत सार्वजनिक गरिसक्नुभएको छ। यस्ता विषयमा हाम्रा जातीय सङ्गठनका नेतृत्वसँग हुने वार्तालापमा पनि समान प्रकारका जिज्ञासा र सुझावहरू निरन्तर उठिरहेका छन्।

हामीले पनि यस संवेदनशील विषयलाई गम्भीरतापूर्वक लिँदै आवश्यक चिन्तन–मनन गरिरहेका छौँ। आदरणीय सभापति महोदय पनि विभिन्न जातीय सङ्गठनका नेतृत्वहरूसँग निरन्तर र बाक्लो सम्पर्कमा रहनुभएको छ। माननीय मुख्यमन्त्रीज्यूको आह्वानलाई समेत हामीले विभिन्न कोणबाट गम्भीरतापूर्वक केलाएर हेरिरहेका छौँ। साथै विभिन्न जातीय सङ्गठनका नेतृत्वहरूसँग निरन्तर विचार–विमर्श तथा आपसी परामर्श भइरहेको छ।

यसै क्रममा, निकट भविष्यमै नेतृत्वतहमा बैठक गर्ने विषयमा पनि टुङ्गो भइसकेको छ। उक्त बैठक पश्चात् हामी सबै नेतृत्वबिचको सामूहिक छलफल, विचार–विमर्श र सहमतिका आधारमा केही ठोस निर्णयसहित असमेली गोर्खा जनसमक्ष स्पष्ट धारणा तथा आह्वान प्रस्तुत गर्नेछौँ।

यस्तो संवेदनशील विषयमा सबैलाई संयमित, जिम्मेवार र तथ्यपरक भएर अघि बढ्न हार्दिक आग्रह गर्दछौँ। अनावश्यक भ्रम, हतार र अड्कलबाजीभन्दा आपसी संवाद, अध्ययन र सामूहिक निर्णयलाई प्राथमिकता दिनु नै अहिलेको आवश्यकता हो।

## केन्द्र समितिबाट सांस्कृतिक कर्मी श्रीमान् रामराईलाई चिकित्साका लागि आर्थिक सहयोग

सांस्कृतिक कर्मी रामराई (जित बहादुर राई)ज्यूलाई असम नेपाली साहित्य सभाको केन्द्रीय समितिको तर्फबाट २०,०००.०० को सहयोग राशि बैड्क एकाउन्ट मार्फत हस्तान्तरण गरिएको छ। साथै उहाँको आशु आरोग्य कामना गरिन्छ।

## नवनिर्वाचित बैङलुरु शाखाका
## माननीय सभापति सञ्जय थपलियाज्यूप्रति धन्यवाद ज्ञापन

यति टाढा रहेर पनि आफ्नो जन्मभूमि, नेपाली भाषा, साहित्य, संस्कृति तथा अनेसासप्रति तपाईंहरूमा रहेको माया, आत्मीयता र समर्पणलाई मैले बैङलुरुमा रहँदै प्रत्यक्ष रूपमा अनुभव गर्ने अवसर पाएँ। यसका लागि म हृदयदेखि नै आभारी छु।

असममा आएको बाढीको ताण्डवको खबर सुन्ने बित्तिकै तपाईं र माननीय मूल सचिव पङ्कज उपाध्यायज्यूले तत्कालै रु. ५,१०० साथै अन्यान्य पदाधिकारीहरूले पनि केही अनुदान अनेसासको बैङ्क खातामा हस्तान्तरण गरी सहयोग पुऱ्याउनुभएको कुरा अत्यन्तै प्रशंसनीय छ। यसले तपाईंहरूको सामाजिक उत्तरदायित्व र संस्थाप्रतिको आत्मीयतालाई स्पष्ट रूपमा प्रतिविम्बित गर्दछ।

त्यसैगरी, अझै पनि इच्छुक तथा उपयुक्त व्यक्तिहरूलाई आफ्नो उद्योग–व्यवसायमा रोजगारी तथा नियुक्तिको अवसर प्रदान गर्ने विषयमा व्यक्त गर्नुभएको विचार पनि अत्यन्त सकारात्मक र अनुकरणीय लाग्यो। यस्ता विषयमा निरन्तर विचार–विमर्श र सहकार्य गर्दै अघि बढ्नुपर्छ भन्ने मेरो धारणा छ।

अन्ततः तपाईंहरूको नेतृत्वमा स्थापित अनेसास बैङलुरु च्याप्टरले आगामी दिनमा नेपाली भाषा, साहित्य, कला, संस्कृति र अनेसासको गरिमालाई अझ उचाइमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्नेमा हामी पूर्ण रूपमा आशावादी छौँ।

नवनिर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना। ***

धन्यवादसहित
**तिलक शर्मा, महासचिव**

---

## अनेसास, बोकाखात जिल्ला समितिको
## बेङ्गलोर शाखा समितिलाई बधाई तथा अभिनन्दन ज्ञापन

असम नेपाली साहित्य सभाका माननीय सभापति तथा महासचिव ज्यूको अथक परिश्रम र दूरदर्शी नेतृत्वमा बेङ्गलोरमा नयाँ शाखा विस्तार हुनु भारतीय नेपाली साहित्य र संस्कृतिको इतिहासमा एउटा नयाँ अध्याय हो।

यस ऐतिहासिक कार्यको लागि सभापति, महासचिवज्यू लगायत सम्पूर्ण केन्द्रीय समितिलाई विशेष धन्यवाद ज्ञापन गर्दै, नवगठित बेङ्गलोर शाखा समितिलाई असम नेपाली साहित्य सभा, बोकाखात जिल्ला समितिको तर्फबाट हार्दिक शुभकामना तथा अभिनन्दन टक्र्याउँदछौँ।

नयाँ शाखाले नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण र संवर्धनमा महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने हाम्रो पूर्ण विश्वास छ। ***

## असम नेपाली साहित्य सभा, बोकाखाट जिल्ला समितिको प्रतिवेदन

**मूल सचिव : दुर्गा सापकोटा**

**१. केन्द्रीय वार्षिक साधारण सभा तथा साङ्गठनिक यात्रा ( जनवरी – फेब्रुअरी २०२६ )** : ०२ – ०४ जनवरी २०२६ उदालगुडीमा आयोजित अनेसासको केन्द्रीय वार्षिक साधारण सभा तथा ०४ जनवरीको प्रति दिवसमा बोकाखाट जिल्ला समितिबाट उमाकान्त उपाध्याय, लीला शर्मा, टिकाराम क्षेत्री, आयुष्मान शर्मा, दुर्गा सापकोटा, श्यामलाल पोखेल, लीला दाहाल र डम्बर भारती सहभागी हुनुभयो। यात्राका क्रममा शिङ्री बालिजानका वरिष्ठ साहित्यकार डिल्लीराम खनालज्यूलाई शोणितपुर जिल्ला समिति र गोरुडुबा शाखा समितिको तत्त्वावधानमा संवर्धना गरियो। ०३ जनवरीमा बहुभाषिक कविगोष्ठी तथा साधारण सभामा जिल्ला समितिका पदाधिकारीहरूले भाग लिनुभयो। ०४ जनवरीमा सांस्कृतिक सङ्गिनी नृत्य र कोरसपछि आयोजित आम सभा सम्पन्न गरी टोली बोकाखाट फर्कियो।

१३ जनवरी, २०२६ सहलाका स्वर्गीय वीरबहादुर क्षेत्री र झोलङ्गाभेटीका स्वर्गीय रणबहादुर देउजाको निवासमा शोक सन्तप्त परिवारलाई मानोचामल अर्पण गरियो। १७ जनवरीमा असम साहित्य सभा र नेपाली साहित्य सभा लगायत विभिन्न सङ्घ–संस्थाको संयुक्त आयोजनामा शिल्पी दिवस मनाइयो।

०९–२४ फेब्रुअरी २०२६ रजाबारीका प्रभुराम भारती, राजकुमार दाहालकी माता मालती उपाध्याय, पलासगुडीका कुलबहादुर क्षेत्री र १०४ वर्षीया गायत्री देवीको निधनमा जिल्ला समितिद्वारा शोक–प्रस्ताव पारित गरी मानो–चामल अर्पण गरियो।

**२. कार्यनिर्वाह सभा, सङ्गोष्ठी तथा संवर्धना ( जुन २०६ )** : ०५ जुन २०२६ प्रथम कार्यनिर्वाह सभा श्रीश्रीलक्ष्मी नारायण मन्दिर प्राङ्गणमा आयोजना गरी विभिन्न साङ्गठनिक विषयमा छलफल गरियो। ०७ जुन २०२६ माथिल्लो तहको संस्कृति सङ्गोष्ठीमा बोकाखाट जिल्ला समितिले सक्रिय सहभागिता जनायो।

**१० जुन २०२६ :** रजाबारी नाट्य मन्दिर प्राङ्गणमा पद्मश्री अरण्य मानव यादव पायङज्यूलाई अनेसास बोकाखाट समितिको तर्फबाट उमाकान्त उपाध्याय र मूल सचिवद्वारा विशेष संवर्धना जनाइयो।

१३ जुन २०२६ : पुवती साहित्य सभागृहको निमन्त्रणा स्वीकार गर्दै कार्यकारी सभापति डम्बर भारती, साङ्गठनिक सचिव पारथ खबतरी र म स्वयम् उपस्थित भई २० जुन २०२६ मा राभा दिवस मनाउने संयुक्त निर्णय गरियो।

**३. विशेष आयोजना : ९२औँ हरिभक्त कटुवाल जयन्ती समारोह :** असम नेपाली साहित्य सभा, बोकाखाट जिल्ला समितिको तत्त्वावधानमा श्रीश्रीलक्ष्मी नारायण मन्दिर प्राङ्गणमा ९२औँ हरिभक्त कटुवाल जयन्ती विविध साहित्यिक कार्यक्रमका

साथ सम्पन्न भयो। झण्डोत्तोलन बिहान ८–३० बजे कार्यकारी सभापति श्री डम्बर भारतीज्यूद्वारा। दीप प्रज्ज्वलन : बिहान ९–०० बजे मूल सचिव श्री दुर्गा सापकोटा र साङ्गठनिक सचिव श्री पारथ खबतरीद्वारा संयुक्त रूपमा।

**आम सभा उद्घाटन :** केन्द्रीय सदस्य श्री लीलानाथ दाहालज्यूद्वारा। निर्दिष्ट वक्ता श्री श्यामलाल पोख्रेल र प्राक्तन सभापति श्री चन्द्र शर्माज्यूले हरिभक्त कटुवालको योगदानबारे मन्तव्य राख्नुभयो।

**विशेष कवि गोष्ठी :** प्राक्तन मूल सचिव श्री उमाकान्त उपाध्यायज्यूबाट उद्घाटन तथा केन्द्रीय सदस्य श्री लीलानाथ शर्माज्यूबाट सञ्चालन एवम् समीक्षा।

**कविता वाचन गर्ने आमन्त्रित तथा स्थानीय कविहरू :** श्री मञ्जु खरेल, श्री एनिशा घिमिरे, श्री जुना दाहाल, श्री गीता दाहाल, श्री उमाकान्त उपाध्याय, श्री लीला दाहाल, श्री श्याम लाल पोख्रेल, श्री प्रह्लाद निरोला, श्री आशा दाहाल, श्री मईना उपाध्याय, श्री लक्ष्मी क्षेत्री, श्री पुनम नेउपाने, श्री पारथ खबतरी, श्री राहुल कटुवाल।

**विशेष आकर्षण :** बाल कलाकार ऋद्धि विश्वकर्माद्वारा आकर्षक नृत्य प्रस्तुत गरियो। चिया–खाजाको सौजन्य गर्नुहुने श्री मुक्ति कटुवाल तथा परिवारप्रति आभार प्रकट गरियो।

**४. भानु जयन्ती, श्रद्धाञ्जली एवम् भाषा दिवस ( जुलाई – आगस्ट, २०२६ ) :** १३ जुलाई २०२६ का २१३औँ भानु जयन्ती लक्ष्मी नारायण मन्दिर प्राङ्गणमा झण्डोत्तोलन (डम्बर भारती) र दीप प्रज्ज्वलन (मइना उपाध्याय) पश्चात् सामूहिक रामायण पाठ गरियो। सहभागी सम्पूर्ण महानुभावहरूलाई फुलबुट्टे गामछाले संवर्धना गरियो।

**२० जुलाई, २०२६ ( श्रद्धाञ्जली सभा ) :** पद्मश्री गीता उपाध्यायज्यूको निधनमा तेजपुर चाँदमारीस्थित निज निवासमा पुगी केन्द्रीय कार्यालय सचिव श्यामलाल पोख्रेल, लीलानाथ शर्मा, पारथ खबतरी, डम्बर भारती र दुर्गा सापकोटाले श्रद्धाञ्जली अर्पण गरे।

**३१ जुलाई २०२६ :** द्वितीय कार्यनिर्वाह सभामा भाषा दिवस पालन, बुलेटिन प्रकाशन र बाढी सहायता कोष सङ्कलन गरी केन्द्रीय कार्यालयमा बुझाउने निर्णय गरियो। साथै असम गोर्खा छात्र सङ्घ बोकाखाटको आयोजनामा भएको सम्बर्धना कार्यक्रममा सहभागिता जनाइयो। ०६ आगस्ट २०२६ : स्वर्गीय दुर्गा कटुवालज्यूको स्मृतिमा शोक–प्रस्ताव पारित गर्दै मानोचामल अर्पण गरियो।

**१९–२३ अगस्ट, २०२६ ( साहित्य, भाषा मान्यता एवम् बलिदान दिवस ):** १९ आगस्टमा झण्डोत्तोलन (टेकबहादुर क्षेत्री, पारथ खबतरी, डम्बर भारती) गरी कार्यक्रमको रूपरेखा तय गरियो। २०–२३ आगस्टसम्म भाषा सेनानीप्रति श्रद्धाञ्जली, साहित्य दिवस, भाषा मान्यता दिवस र बलिदान दिवसलाई समेटेर २३ आगस्ट, २०२६ मा श्रीश्रीलक्ष्मी नारायण मन्दिर प्राङ्गणमा भव्य समारोह सम्पन्न गरियो। कार्यकारी सभापति डम्बर भारतीको सभापतित्व र साङ्गठनिक सचिव पारथ खबतरीको व्यवस्थापनमा कार्यक्रम सफलताका साथ सम्पन्न भयो।

***

# असम नेपाली साहित्य सभा, शिवसागर जिल्ला महिला मञ्च गठन

**कुञ्जदेवी उपाध्याय**

अङ्ग्रेजी १३/०६/२०२६ शनिबार असम नेपाली साहित्य सभा-शिवसागर जिल्ला महिला मञ्च धाइबारी गोर्खा भवनमा एउटा गाम्भीर्यपूर्ण अनुष्ठानमा गठन गरिन्छ।

अनेसास, महिला मञ्चकी केन्द्रीय सदस्य कुञ्ज देवी उपाध्यायको अगुवाइमा अनुष्ठित यो सभामा सभापतित्व गर्नुहुन्छ धाइबारीका अवकाश प्राप्त शिक्षक श्री प्रदीप शर्माले।

असम नेपाली साहित्य सभाका सभापति सम्मानीय विश्वनाथ महाविद्यालयका अध्यक्ष डा. चिन्तामणि शर्मा, महासचिव श्री तिलक शर्मा र उपसभापति लीला निरोलाज्यूको गरिमामय उपस्थितिले सभाको गौरव बढाउँछ। सम्मानीय सभापति ज्यूले आफ्नो अनमोल भाषणमा महिला मञ्च गठन भएकोमा खुसी व्यक्त गर्दै मूल सभाको जिल्ला समिति गठन गर्ने आह्वान गर्नुहुन्छ। आग्सुका शिवसागर जिल्ला सभापति र सचिवलगायत अन्य कर्मकर्ताहरू उपस्थित रहेको यो सभाले चाँडै एउटा पूर्णाङ्ग जिल्ला समिति गठन गर्ने सहमति जनाउँछन्।

महिला मञ्च गठनबारे सम्मानीय दिदी नवप्रभा अधिकारी र सचिव कल्पना देवी आत्रेयले निकै दिनदेखि सलाह र सुझाव दिनुभए मुताबिक केन्द्रीय सदस्य कुञ्जदेवी उपाध्यायको उपस्थितिमा यसप्रकार तदर्थ कमिटी गठन हुन्छ -

उपदेष्टा-गीता देवी आचार्य, सभापति-श्री सीता शर्मा (धाइबारी), कार्यकरी सभापति-माधवी ढुङ्गेल (धाइबारी), उपसभापति-चन्द्रमाया देवी (सापेखाटी), मूल सचिव-जीवमाया देवी (अजान्ती), साहित्य सचिव-गीता छेत्री उपाध्याय (धाइबारी), साङ्गठनिक सचिव- बन्ती शर्मा (डिमौ), संस्कृतिक विभाग-कल्पना पातली राणा, प्रचार सचिव-मन्दिरा र मेनुका गिरी, शिक्षा सचिव-लता देवी र शान्ति गौतम साथै सदस्यहरू।

महिला मञ्चका पदाधिकारीले संर्धना गरेपछि आग्सुका जिल्ला सचिव चन्दन उपाध्यायले सम्मानीय सभापति र सम्पादकज्यूलाई खदाले सम्मान गर्छन्। सभामा स्थानीय व्यक्तिहरू क्रमश: प्रदीप शर्मा, दीपक उपाध्याय, कुञ्जदेवी उपाध्याय, अपूर्व शर्मा, चन्दन शर्मा, सन्तोष शर्मा र सीता देवीले वक्तव्य राख्छन् र भाषा साहित्यको अग्रणी अनुष्ठान साहित्य सभाको महिला मञ्च गठन भएकोमा खुसी व्यक्त गर्दछन्। सभापति र महासचिवको उपस्थिति प्रशंसा गर्दै आगामी दिनहरूमा पनि साथ र सहयोगको आशा गरि सभा भङ्ग गरिन्छ।

***

## असम नेपाली साहित्य सभाको आधिकारिक वेबसाइट लोकार्पण

गत १६ मई, २०२६ का दिन विश्वनाथ महाविद्यालयको सभा कक्षमा असम नेपाली साहित्य सभाको आधिकारिक वेब विमोचन गरिन्छ। डा. चिन्तामणि शर्माको सभापतित्व तथा महासचिवको सञ्चालनमा सम्पन्न भएको उक्त विशेष सभामा अनेसासका विभिन्न पदाधिकारीका साथै धेरै गणमान्य विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा डा. खेमराज नेपालद्वारा उक्त वेबसाइटको लोकार्पण गरिन्छ। वेबसाइट हेर्न चाहनेहरूले www.assamnepalisahityasabha.com मा गुगल सर्च गरेर हेर्न सक्नुहुनेछ।

**- लक्ष्मण अधिकारी, साहित्य सचिव**

# नेपाली खुटीको प्रलय : एक सङ्क्षिप्त रिपोर्ट

**महासचिव : तिलक शर्मा**

गत अङ्ग्रेजी १२ आगस्टका दिन असम नेपाली साहित्य सभाका केन्द्रीय सदस्य आदरणीय लीलानाथ शर्माज्यूलाई सहयात्रीका रूपमा लिएर हामी नेपाली खुटी पुग्यौँ। बाढीको प्रकोपबाट तहसनहस भएको बस्तीका पीडितहरूलाई तत्काल सहयोग पुऱ्याउने उद्देश्यले हामीसँग सातजना श्रमिक पनि लिएर गएका थियौँ। नेपाली खुटी पुग्नासाथ ती श्रमिकहरूलाई अखिल असम गोर्खा छात्र सङ्घ, शिवसागर जिल्ला सभापति अपूर्व शर्मा (सञ्जीव शर्मा) ज्यूको जिम्मामा सुम्पिएर राहत तथा सरसफाइको काम सुरु गरियो।

बाढीको विनाशकारी घटना घटेको दिनदेखि नै हामी सञ्जीव शर्माज्यूसँग निरन्तर सम्पर्कमा थियौँ। उहाँ घटनाको पहिलो दिनदेखि नै त्यहाँ खटिएर पीडितहरूको सेवामा निरन्तर लागिरहनुभएको रहेछ। त्यहाँ जिडिसीका अध्यक्ष प्रेम तामाङज्यू, उपाध्यक्ष राम दाहालज्यू तथा उहाँहरूको टोलीसँग पनि हाम्रो भेट भयो। पीडितहरूको दु:खमा सबै एकजुट भएर सहकार्य गर्दै राहत तथा पुन:स्थापनाको कामलाई अघि बढाउने विषयमा गम्भीर छलफल भयो।

